# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २७६ | काठमाडौं | शुक्रबार, १८ माघ २०८१ | Prabhab National Daily | Friday, January 31, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# संसद्को हिउँदे अधिवेशन आजदेखि

## २० विधेयक र ६ वटा अध्यादेश पेस गर्ने तयारी




- प्रतिपक्षी दलहरु अध्यादेशको विरूद्धमा उभिने
- सामाजिक सञ्जाल विधेयकको विरूद्धमा कांग्रेस पनि
- प्रतिपक्षी दलहरूले सुशासन र जनजीविकाका सवाल उठाउने
- सत्तापक्षीय दलहरु विपक्षीलाई हाबी हुन नदिने रणनीतिमा

अधिवेशन बोलाउने बेलामा सरकारले अध्यादेश ल्याएको छ । यो प्रक्रियाका हिसाबले बेठीक छ । संसदीय समितिमा छलफलमा रहेको विधेयकलाई मिनिमाइज गरेर अध्यादेश ल्याइएको छ । त्यसैले सबै विपक्षी दलले विरोध गर्ने निर्णय भयो ।

**हितराज पाण्डे**
**प्रमुख सचेतक, माओवादी केन्द्र**

सरकारले संविधानबमोजिम, कानुनी प्रबन्धबमोजिम ल्याइएका र गरिएका कामहरूलाई यस प्रकारले स्वीकार र अस्वीकार गर्ने भनेर प्रश्न सिर्जना गर्नु असंवैधानिक र अराजनीतिक छ ।

**महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**

**जेबी योञ्जन**

**काठमाडौं–** संसद्को दुवै सदनको बैठक आज बस्दै छ । वर्षे अधिवेशन अन्त्य भएको चार महिना १८ दिनपछि हिउँदे अधिवेशनअन्तर्गत दुवै सदनको बैठक दिउँसो १ बजे बस्न लागेको हो । बैठकको सम्भावित कार्यसूची सार्वजनिक भइसकेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार प्रतिनिधिसभा बैठकमा सभामुख देवराज घिमिरेले राष्ट्रपति रामचन्द्र पौडेलबाट प्राप्त अधिवेशन आह्वानको पत्र पढेर सुनाउने कार्यसूची छ । प्रधानमन्त्रीको कार्यभार तोकिएको र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको बेहोरा पढेर सुनाउने कार्यसूची छ ।

यसबाहेक सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १० बमोजिम बैठकको अध्यक्षता गर्न सदस्यको मनोनयन गर्ने छन् । त्यसपछि दलीय आधारमा सदस्यले मन्तव्य राख्ने कार्यसूची रहेको छ ।

मन्तव्यपछि हालै सरकारले ल्याएको छ वटा अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक पेस गर्ने कार्यसूची छ । हालै सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको छ ।

ती अध्यादेशहरूलाई प्रतिस्थापन गर्न बनेको विधेयकलाई प्रधानमन्त्री केपी शर्मा ओली, अर्थमन्त्री विष्णु पौडेल र भूमि सुधारमन्त्री बलराम अधिकारीले पेस गर्ने कार्यसूची छ । तर, प्रतिपक्षी दलहरूले विधेयकलाई अस्वीकार गर्ने भनिसकेका छन् । बिहीबार बसेको बैठकबाट नै उनीहरूले अध्यादेशलाई अस्वीकार गर्ने निर्णय गरेका हुन् ।

'अधिवेशन बोलाउने बेलामा सरकारले अध्यादेश ल्याएको छ । यो प्रक्रियाका हिसाबले बेठीक छ । संसदीय समितिमा छलफलमा रहेको विधेयकलाई मिनिमाइज गरेर अध्यादेश ल्याइएको छ । त्यसैले सबै विपक्षी दलले विरोध गर्ने निर्णय भयो,' नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले भने ।

अध्यादेशबाहेक विपक्षी दलहरूले सरकारले हालै ल्याएको विधेयकबारे पनि प्रश्न उठाउने भएका छन् । विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सरकारले संसद्मा दर्ता गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकका प्रावधानहरू स्वीकार गर्न नसक्ने जनाएको छ । कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले विज्ञप्ति जारी गर्दै अभिव्यक्ति स्वतन्त्रताविरोधी कुनै पनि कानुन स्वीकार गर्न नसक्ने र अविलम्ब उक्त विधेयक फिर्ता लिन आग्रह गरेको बताएका छन् । 'अध्यादेशका गलत बाछिटाहरूले नेपाली राजनीतिलाई दूषित बनाउँदै गर्दा त्यसकै सेरोफेरोमा आएको यो विधेयक पछाडिको नियत सही देखिँदैन,' विज्ञप्तिमा भनिएको छ ।

सामाजिक सञ्जाल विधेयकको विपक्षमा सत्तारुढ दल नेपाली कांग्रेस पनि उभिने देखिएको छ । सामाजिक सञ्जाल विधेयकले स्वतन्त्रताको हनन् हुने भन्दै कांग्रेस महामन्त्रीहरू गगन थापा र विश्वप्रकाश शर्माले विरोध गर्दै आएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले सुशासन, विकास निर्माण र अन्तर्राष्ट्रिय सम्बन्धका विषयमा कुरा उठाउने भएको छ । कांग्रेस र एमालेले सरकारले सेवा प्रवाहमा सुधार गर्न नसकेको भन्दै यसलाई चर्को रूपमा उठाउने तयारी माओवादी केन्द्रको छ ।

माओवादी प्रमुख सचेतक पाण्डेले थप भने, 'राजनीतिक स्थायित्वका निम्ति, जनताको डेलिभरीको निम्ति यो सरकारले अस्थिरता पैदा गरायो । नयाँ ढंगले अघि बढ्छौं भनेका थिए । तर, विदेशी पढ्न आउँदा पासपोर्टको समस्या, भिसाको समस्या हल भएको छैन । किसानका समस्या समाधान भएको छैन । जनताका मुद्दामा केन्द्रित हुन्छौं ।'

मधेसकेन्द्रित दलहरू जनतालाई डेलिभरी दिन नसकेको, सहकारी र पीडितलाई न्याय नगरेको भन्दै सरकारको खबरदारीसँगै सुशासनसम्मका विषय उठाउने तयारीमा छन् । तर, एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने प्रतिपक्षले विधेयक अस्वीकार गर्नु असंवैधानिक रहेको टिप्पणी गरेका छन् । 'सरकारले संविधानबमोजिम, कानुनी प्रबन्धबमोजिम ल्याइएका र गरिएका कामहरूलाई यस प्रकारले स्वीकार र अस्वीकार गर्ने भनेर प्रश्न सिर्जना गर्नु असंवैधानिक र अराजनीतिक छ । उहाँहरूले कुराहरू जसरी उठाउनुभएको छ, यो पानीलाई धमिलो बनाउने, जनतामा निराशाको सञ्चार गर्ने, भ्रमको कारखाना चलाउने हो । योभन्दा बढी सरकारलाई हिलो छ्याप्ने अस्त्र नभेटेपछि गर्नुभयो,' उनले भने ।


क्रमशः पृष्ठ २ मा


# संविधान संशोधनमा कांग्रेसको जोडबल

**प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले संविधान संशोधनमा फेरि जोडबल थालेको छ । प्रधानमन्त्रीसमेत रहेका सत्ता साझेदार दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली अनिच्छुक देखिँदादेखिँदै कांग्रेस संविधान संशोधनको जोडबलमा लागेको हो ।

बिहीबार विराटनगर पुगेका कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले हतारमा बनाएको संविधान संशोधन नगरी नहुने बताए । 'धेरै कुराहरू संविधानमा संशोधन गर्नुपर्ने छ । हतारमा संविधान बनायौं । सरी फर दयाट । म तपाईंहरूसँग क्षमा माग्छु । म पनि ड्राफ्टिङ कमिटीको मान्छे भएकोले क्षमा माग्न त पाइन्छ,' नेपाल डेमोक्रयाटिक लयर्स एसोसिएसन र नेपाली कांग्रेसको पेसागत तथा बुद्धिजीवी विभागले आयोजना गरेको संविधान संशोधन, आवश्यकता र चुनौती विषयक अन्तरक्रियामा कोइरालाले भने ।

धेरै कुराहरु संविधानमा संशोधन गर्नुपर्ने छ । हतारमा संविधान बनायौं । सरी फर दयाट । म तपाईंहरुसँग क्षमा माग्छु । म पनि ड्राफ्टिङ कमिटीको मान्छे भएकोले क्षमा माग्न त पाइन्छ ।

**डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

संविधान संशोधन अपरिहार्य भइसकेको छ । अब थप स्थायित्व चाहिने हो भने सांसदलाई मन्त्री बनाउने व्यवस्था हटाउनुपर्छ ।

**डा. भीमार्जुन आचार्य**
**संविधानविद्**

कांग्रेसले जसरी पनि ओली नेतृत्वको सरकारले यसको थालनी गर्नुपर्ने दबाब दिँदै आएको छ । गत पुस २३ गते बसेको एमाले केन्द्रीय कमिटी बैठकमा ओलीले राष्ट्रियसभाका अवस्था देखाउँदै तत्काल संविधान संशोधनको काम गर्न नसकिने बताएका थिए । 'अहिले राष्ट्रियसभामा एमालेको बहुमत छैन, २०८७ सालमा एमालेको बहुमत पुग्छ अनि त्यतिबेला संविधान संशोधन गर्नेछौं,' ओलीले भनेका थिए ।

कांग्रेसले भने सरकार गठन हुँदा नै संविधान संशोधनको विषय प्राथमिकतामा राखिएको भन्दै यसबाट पछाडि हट्न नहुने बताउँदै आएको छ । कांग्रेस जारी संसदीय दलको बैठकमा पनि यो विषयमा सांसदहरूले आवाज उठाएका थिए । तर पार्टी पहिलो पार्टी भए पनि सभापति शेरबहादुर देउवाले कांग्रेसलाई दोस्रो पार्टीजस्तै बनाएको शेखरको आरोप छ ।

'प्रधानमन्त्री, अर्थमन्त्री, राष्ट्र बैंकको गभर्नर, योजना आयोगको उपाध्यक्ष, लगानी बोर्डको अध्यक्ष, सम्पत्ति शुद्धीकरण सबै कम्युनिस्टहरूको हातमा छ ।


क्रमशः पृष्ठ २ मा



## हार्दिक निमन्त्रणा !!!

आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरु

**'रोजगारीको अभिवृद्धि र राष्ट्रको समृद्धि'** भन्ने मूल नाराका साथ **संघीय संसद, प्रतिनिधि सभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति माननीय अब्दुल खान ज्यू** को प्रमुख आतिथ्यतामा नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिको निर्वाचनसहितको **७औं साधारण सभा-२०८१**, निम्न मिति, स्थान र समयमा अयोजना हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौ । उक्त साधारण सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**

**मिति** : २०८१/१०/१८ (शुक्रबार)
**समय** : अपराह्न १:०० बजे
**स्थान** : स्काई रेष्ट्रो एण्ड ब्यङ्क्वेट, सामाखुसी

**तारानाथ अर्याल** (सचिव)
**हरि बहादुर पाण्डे** (अध्यक्ष)

**नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति**
**Nepal Foreign Employment Professional United Committee**
Samakhusi-26, Kathmandu, Nepal, E-mailM nefepuc@gmail.com


## सन्दर्भ: वैदेशिक रोजगार

# व्यक्तिगत श्रम स्वीकृति लिएर विदेसिने बढ्दो

## बिचौलियालाई लाभ, चिन्तामा व्यवसायी

**ममता थापा**




**काठमाडौं–** पछिल्लो समय व्यक्तिगत श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने क्रम बढ्न थालेको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा श्रम स्वीकृति लिएर सात लाख ४१ हजार २९७ जना वैदेशिक रोजगारीमा गएका थिए । जसमा ९५ हजार ३८ जना व्यक्तिगत श्रम स्वीकृति लिएर गएको देखिन्छ ।

उक्त अवधिमा व्यक्तिगततर्फ पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ८१ हजार १९५ रहेको थियो । जबकि, आर्थिक वर्ष २०७१/७२ मा छ लाख ६५ हजारभन्दा बढी युवा वैदेशिक रोजगारीमा जाँदा व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या नौ हजार ३७३ मात्र थियो । उक्त वर्षमा व्यक्तिगततर्फ पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख ७३ हजार ४१६ थियो । यस्तै आर्थिक वर्ष २०७२/७३ मा ११ हजार ४०४ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएका थिए । त्यसयता सोही अनुपातमा रहेको यस्तो संख्या आर्थिक वर्ष २०७९/८० मा बढेर ६९ हजार १७७ पुग्यो । विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीपछि यो संख्यामा ह्वात्तै बढेको तथ्यांकले देखाएको छ ।

चालु आर्थिक वर्षको छ महिनामा नै ५५ हजारभन्दा बढी व्यक्तिगत श्रम स्वीकृति लिएर गएका छन् । विभागको तथ्यांकअनुसार चालु आवको साउनमा १० हजार ७५३, भदौमा नौ हजार २६, असोजमा आठ हजार ९३८, कात्तिकमा १२ हजार ५९८, मंसिरमा १३ हजार ५९ र पुसमा १० हजार ८५ जनाले व्यक्तिगत श्रम स्वीकृति लिए । करिब एक दशकअघि वर्षभरिमा श्रम स्वीकृति लिएर रोजगारीका लागि जानेजति संख्या अहिले एक महिनामै जाने गरेको पाइएको छ । यद्यपि व्यक्तिगतरूपमा श्रम स्वीकृति लिएर जानेको संख्या बढ्नु अस्वाभाविक नभएको विज्ञ बताउँछन् ।

### व्यवसायी चिन्तामा

युरोपबाट हाल आधिकारिक माध्यमबाट पर्याप्त मागपत्र नआएको अवस्थामा पनि करिब डेढ लाखभन्दा नेपाली त्यहाँ पुगिसकेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र थापा बताउँछन् । उनका अनुसार करिब ४० वटा युरोपेली मुलुकबाट वर्षमा एक लाखको हाराहरीमा मागपत्र आउँछन् तर दूतावासले त्यसलाई प्रमाणीकरण गर्न सकेको छैन ।

'सरकारले मागपत्र आउन दिएको छैन तर कामदारको माग आउने क्रम त रोकिँदैन नि,' उनी भन्छन्, 'ती मागपत्रहरूमा बिचौलियाले पठाउन थालेका छन् । यसरी सेटिङ मिलाउनेहरूले श्रमिकहरूबाट दशौं लाख लिइरहेका छन् ।'

श्रम स्वीकृति लिने बेलामा श्रमिक आफैंले ल्याएको भन्न लगाइने र बिचौलिया पैसा लिएर बेपत्ता हुने अध्यक्ष थापको भनाइ छ । कामदारलाई विदेश पठाएपछि उनीहरू सुरक्षा, क्षतिपूर्ति आदिको जिम्मा लिने संस्थालाई भने काम गर्न नदिइएको भण्डारी बताउँछन् । ठगिने क्रम बढ्ने वातावरण सरकार आफैंले सिर्जना गरेको उनको आरोप छ । वैदेशिक रोजगारीमा जाने संख्याको झण्डै ३५ प्रतिशत श्रमिकलाई बिचौलियाले पठाउन थालेको उनको दाबी छ ।


क्रमशः पृष्ठ २ मा



## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ पुस १० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा २४(२) मा व्यवस्था भएबमोजिम आगामी २०८१ फागुन २ गते हुन गइरहेको संघको ३०औं र ३१औं वार्षिक साधारण सभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदै साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभामा निर्णयार्थ पेश गरिने विषयहरू (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० र २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखा परीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध (विधान संसोधन) विषयअन्तर्गत विधानको दफा १७, दफा १९(४)(१), दफा २० को उपदफा ४ लगायत अन्य दफा, उपदफा संसोधन गर्ने ।

**समय** : बिहानको ०८ : ३० बजे
**स्थान** : अनुपम फुडल्याण्ड, बत्तीसपुतली

**साधारण सभासम्बन्धी थप जानकारी :**

कम्पनी संचालक समितिबाट निर्णय गराइ साधारण सभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको **मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ माघ २५ गते अन्तिम समयसिमा रहेको हुादा कार्यालय समय**भित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

**नोट**: निवार्चन समितिको कार्यालय संघमा नै राखिएको जानकारी गराइन्छ ।

**मेघनाथ भुर्तेल** — महासचिव
एवम्
**राजेन्द्र भण्डारी** — अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
**सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८**

# सोनाम ल्होछारलाई एकदिन सरकारी बिदा पर्याप्त छैन : मुख्यमन्त्री लामा

■ प्रभाव संवाददाता



**काठमाडौं–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङले ल्होछार मनाउने सबै विधि र प्रक्रियाअनुसार एकदिने सरकारी बिदा पर्याप्त नभएको बताएका छन् । सोनाम ल्होछारको अवसरमा बिहीबार टुँडिखेलमा आयोजित कार्यक्रममा बोल्दै मुख्यमन्त्री तामाङ यस्तो बताएका हुन् ।

'ल्होछार मनाउने सबै विधि र प्रक्रियाअनुसार एकदिने सरकारी बिदा प्रयाप्त छैन,' मुख्यमन्त्री लामाले भने, 'ल्होछार टुँडिखेलमा महोत्सव गरेर मनाइने पर्वमात्र पनि होइन । जबसम्म प्रत्येक तामाङको घर घरमा ल्होछारको विधिअनुसार ल्होछार पर्व मनाउने कार्य हुँदैन । तबसम्म साँचो अर्थमा तामाङ जातिको संस्कृति पहिचानको कुरा हुन सक्दैन । ल्होछारलाई सार्वजनिक महत्त्व र कार्यक्रमभन्दा पनि घरभित्रको पर्वको रूपमा स्थापित गर्न समस्त तामाङ समुदायमा आह्वान गर्न चाहन्छु ।'

मुख्यमन्त्री तामाङले बागमती प्रदेशमा तामाङ भाषा र नेपाल भाषालाई कामकाजी भाषाको रूपमा कार्यान्वयन गर्नका लागि बजेटकोसमेत व्यवस्था गरिएको जानकारी गराएका छन् । 'बागमती प्रदेशको भाषा ऐन कार्यान्वयनको दिशामा गएको छ । सुझाव कार्यदलले पेस गरेको सुझाव क्रमिक रूपमा कार्यान्वयन गर्दै जाने भनेर भर्खरै बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट निर्णयसमेत भएको छ । अब प्रदेशको सबै कार्यालयमा तामाङ भाषामा साइनबोर्ड लेखिने छ,' उनले भने ।

प्रदेश सरकारको लेटरप्याड तामाङ र नेपाल भाषामा बन्ने पनि उनले जानकारी दिए । 'संसद्मा तामाङ भाषामा बोल्ने माननीयका लागि अनुवादकको व्यवस्था छिट्टै गरिने भएको छ । अब नेपाली र नेवारी भाषा मात्र जान्नेका लागि पनि प्रदेशबाट सेवा प्रभाव हुने छ,' मुख्यमन्त्री लामाले भने । भाषा ऐन कार्यान्वयनका लागि प्रदेश सरकारको बजेट र कार्यक्रमबाट पनि सम्बोधनको प्रयास गरेको उनको भनाइ छ । 'भाषा कार्यान्वयनका लागि नेपाल तामाङ घेदुङ र नेवाः देय् दबुसँग सहकार्यका लागि एक/एक करोड रूपैयाँ बजेटको व्यवस्था भएको छ,' मुख्यमन्त्री लामाको भनाइ छ ।

कार्यक्रममा उर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङले तामाङ समुदायको उपस्थिति बढाउन सबैले लामा र थरको साटो तामाङ लेख्नुपुर्न सुझाए । बागमती प्रदेशका पूर्वसंस्कृतिमन्त्री शैलेन्द्रमान बज्राचार्यलाई घेदुङले वर्ष व्यक्तिको रूपमा सम्मान गरेको थियो । बज्राचार्यकै पालामा तामाङ भाषाले बागमती प्रदेशको सरकारी कामकाजी भाषाको मान्यता पाएको हो । तामाङ भाषा कार्यान्वयनमा भने ढिलाइ भइरहेको नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले तामाङले गुनासो गरे । 'नेवार समुदायको मन्त्रीले तामाङ भाषालाई प्रदेशको भाषा बनाउने काम गर्नुभयो । त्यसैले उहाँलाई हामीले वर्ष व्यक्तिका रूपमा घोषणा गऱ्यौं । अब यो कार्यान्वयनको जिम्मा तामाङ मुख्यमन्त्रीको काँधमा आएको छ,' अध्यक्ष गोलेले भने, 'तर ढिला भइरहेको छ कार्यान्वयनमा ।'

मुल आयोजक समारोहका संयोजकसमेत रहेका गोलेले काठमाडौंको बोझेनी प्रकरण र आशिका तामाङ पक्राउ प्रकरणबारेसमेत सरकारको ध्यानाकर्षण गराएका थिए ।

# आयोगले माग्यो अनुदानको प्रस्ताव

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष २०८२/८३ मा संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना र कार्यक्रमको प्रस्ताव माग गरेको छ । प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आयोगले यी शीर्षकमा अनुदान लिन आगामी फागुन १५ गतेभित्र योजना तथा कार्यक्रमको विस्तृत विवरणसहितको प्रस्ताव पेस गरिसक्न भनेको हो ।

अघिल्ला वर्षहरूमा आयोगले समपूरक र विशेष अनुदानका योजनाको प्रस्ताव पुस मसान्तभित्र माग गरिसक्थ्यो । तर यसपटक राष्ट्रिय विकास समस्या समाधान समितिले समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्न निर्देशन दिएपछि प्रस्ताव माग गर्न ढिला भएको थियो । आयोगका सहप्रवक्ता डा. दिवाकर लुइँटेलकाअनुसार कार्यविधि संशोधन भएर कार्यान्वयनमा आएसँगै अनुदानका लागि प्रस्ताव माग गरिएको हो । 'समपूरक अनुदानमा संघले ५० प्रतिशत योगदान गर्ने र बाँकी ५० प्रतिशत सम्बन्धित प्रदेश तथा स्थानीय तहले व्यहोर्ने यसअघिको व्यवस्था संशोधन गरी २० देखि ८० प्रतिशतसम्म व्यहोर्नुपर्ने व्यवस्था ल्याइएको छ । सोही व्यवस्थाअनुसार आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमको माग गरिएको हो,' लुइँटेलले भने ।

विशेष अनुदानसम्बन्धी कार्यविधि, २०८१ ले यो शीर्षकमा अनुदान दिँदा योजना तथा कार्यक्रमको लागत तोकेको छ । गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रममा २५ लाख रूपैयाँदेखि तीन करोड रूपैयाँ लागत हुनुपर्ने छ । त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागत अनुमान न्यूनतम २५ लाख रूपैयाँदेखि अधिकतम पाँच करोड रूपैयाँसम्म तोकिएको छ । संघीय विशेष अनुदानअन्तर्गत प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमका लागि कूल लागत अनुमान पाँच करोड रूपैयाँदेखि १० करोड रूपैयाँ तोकिएको छ । विशेष अनुदानअन्तर्गतका पूर्वाधार आयोजना तीन वर्षभित्र र अन्य कार्यक्रम सालबसालीरूपमा सम्पन्न गरिसक्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

त्यस्तै, समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०८१ अनुसार गाउँपालिका वा नगरपालिकाले एक करोडदेखि सात करोड रूपैयाँसम्म लागतको आयोजना तथा कार्यक्रमका लागि संघ सरकारसँग अनुदान माग गर्न सक्छन् । त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले तीन करोडदेखि १५ करोड रूपैयाँ र प्रदेशले १० करोडदेखि ३० करोड रूपैयाँसम्मका आयोजनाका लागि प्रस्ताव हाल्न सक्छन् ।

प्रदेश र स्थानीय तहले अनलाइन प्रणालीबाट मात्रै समपूरक र विशेष अनुदानसम्बन्धी प्रस्ताव हाल्न पाउने व्यवस्था रहेको सहप्रवक्ता लुइँटेलले बताए । त्यस्तै, यस्ता आयोजना तथा कार्यक्रममा अनुदान लिनका लागि प्रस्ताव पेस गर्दा कार्यविधिले तोकेको प्रक्रिया र कागजातहरू आवश्यक हुने उनको भनाइ छ । 'अनुदानका लागि आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा विस्तृत कागजात पेस गर्नुपर्ने हुन्छ । कार्यविधिले तोकेको प्रक्रिया नपुऱ्याइकन परेका प्रस्तावहरू अनुदानका लागि योग्य हुँदैनन्,' उनले भने ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिनका लागि आयोजनाको सम्भाव्यता अध्ययन, ड्इङ, डिजाइन, स्पेसिफिकेसनसहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ । त्यस्तै, वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात चाहिन्छन् । अनुदान माग गर्नका लागि स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, सिन्धुली

**रूख कटान सहमति सम्बन्धमा**

**सूचना प्रकाशित मिति: २०८१/१०/१८**

उपरोक्त सम्बन्धमा सब डिभिजन वन कार्यलय दुधौली सिन्धुली अन्तर्गतको श्री सुनील सामुदायिक वन उपभोक्ता समुह दु.न.पा.वडा नं.१४,सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम आ.व. २०८१/०८२ को बार्षिक स्विकार्य परिमाणको परिधिभित्र रहेर ढलापडा, सुखड खडा र हैसियत विग्रिएका (४म) समेतका रुखहरू, सा.व.को काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१ (शंसोधन २०७५ ) को अनुसूची-६ वमोजिमको विवरण संलग्न राखी सम्बन्धीत सव डिभिजन वन कार्यालयका वन अधिकृत समेतका कर्मचारिहरूबाट साल समेत अन्य जातका रुखहरू छपान गरी छपान मुल्याङ्कन सहितको लगत सहित उक्त सव डिभिजन वन कार्यालयको मिति २०८१/०९/२६ गतेको पत्र / प्रतिवेदन बाट काठ दाउरा कटान मुछानको लागी शिफारिस भएकोमा यस कार्यालयका वन अधिकृतबाट दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को दफा २६ (१) मा भएको व्यवस्था अनुसार छपान भएका रुखहरू मध्ये कम्तिमा १०% चेकजाँच गरिएको र यस कार्यलयको च.न. १२३६ मिति २०८१/१०/०४ मा अनुरोध भए बमोजिम वन निर्देशनालय हेटौडा मकवानपुरबाट समेत नियमानुसार छपान निरिक्षण गरी उक्त निर्देशनालयको च.न.४८१ मिति २०८१/१०/१५ गतेको पत्रबाट अग्रीम कारबाहीको लागि आदेश प्राप्त भएकोले छपान मुल्याङ्कन बमोजिमका तपसिल वमोजिमको वन क्षेत्रबाट तपसिल अनुसारका रुखहरू २०८१ साल चैत्र मसान्त भित्र सम्बन्धीत सव डिभिजन वन कार्यालयका कर्मचारीहरूको रोहबरमा कटान मुछान गरी २०८२ बैशाख मसान्त भित्र घाटगद्दी गर्न यो कटान सहमति दिईएको छ । तोकिएको म्याद भित्र कटान तथा सङ्कलन नभएमा रुख हिनामिना भएमा वा सहमति बाहेकका रुखहरू कटान गरी अनियमित कार्य भए गरेमा सो को जिम्मेवार स्वयम् समूह नै हुने र कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ । साथै प्रचलीत कानुनको अधीनमा रही कटान मुखान कार्यको खर्च गर्नुहुन सुचीत गरीन्छ ।

**तपसिल**

**कटान हुने वन क्षेत्र**: पहिलो (CIS!) सामुदायिक वन समुहको टाँचा: SIN/DU/37/07

**डिभिजन वन कार्यालयको टाँचा** : 'व.वि २०० का', घाटगद्धि स्थान: सा.व. को घाटगद्धी कटान हुने वन क्षेत्रको चारकिल्ला: सा.व. को (CIS1) को चारकिल्ला, कार्ययोजना बार्षिक स्विकार्य कटानको जात र परिमाण

| जात | कार्ययोजना बार्षिक स्विकार्य कटानको जात र परिमाण | | छपान मुल्यांकन बमोजिम संकलन सहमति दिईएको परिमाण | | |
|---|---|---|---|---|---|
| | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा | रूख संख्या | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा |
| साल | ४१९४.२२ | ४.४६ | ५० | ४१७०.६५ | ४.४६ |


**युएइमा रोजगार** कम्पनी : JUMA SALMIN BUILDING CLEANING LLC

पूर्व स्वीकृति मिति : २०८०/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१७ | LT. No. 303014 | चलानी नं. ६०२१७९४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 30 | 0 | 1000 | ३७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: रोज पार्टी प्यालेस, रूपन्देहीमा माघ २५ गते (7th Feb. 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २६ गते (8th Feb. 2025) मा हुनेछ । ग्रण्ड प्यासिफिक होटल, झापामा माघ २७ गते (9th Feb. 2025) मा हुनेछ । मुनाल ट्रेनिङ सेन्टर, सुनसरीमा माघ २८ गते (10th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BROTHER RECRUITMENT Pvt. Ltd.
Gongabu-26, Kathmandu, Nepal, Phone No. 01- 5919811, Butwal: 9802676987 Jhapa: 9801401300 | 9801427301 | 9801427304, Kathmandu 9851122190 | 9851041811 | 9805865194 | 9805865193 | 9805865192 | 9823301035
Itahari Contact No: 9816368105/9810591900
श्रम ईजाजत नं. १६३९/०८०/०८१

**कतारमा रोजगार** कम्पनी : MULTIPLEX CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१७ | LT. No. 312869 | चलानी नं. ६०२२७३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashiers | 0 | 1 | 1700 | ६४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | driver | 2 | 0 | 1700 | ६४,५८५ | | | | | | | |
| 3 | Foreman | 6 | 0 | 2500 | ९४,०९० | | | | | | | |
| 4 | General Cleaning Worker | 26 | 26 | 1000 | ३७,९९० | | | | | | | |
| 5 | Helper | 1 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 6 | labor services | 4 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 7 | LABOURER (MALE) | 19 | 0 | 1000 | ३७,९९० | | | | | | | |
| 8 | Mason (Plaster & Block) | 8 | 0 | 1200 | ४५,५९० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९४,०९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २५ गते (7th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : Done Interior Factory Company produces metal-wood, home, office & Kitchen Furniture

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१७ | LT. No. 311489 | चलानी नं. ६०२२५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 135 | ६०,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 3 | 0 | 120 | ५३,८२० | | | | | | | |
| 3 | Painter | 4 | 0 | 135 | ६०,५५० | | | | | | | |
| 4 | Tailor | 3 | 0 | 135 | ६०,५५० | | | | | | | |
| 5 | Upholsters | 4 | 0 | 135 | ६०,५५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २५ गते (7th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HUMAN RESOURCE
Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np


## नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, पोखरा

**बोलपत्र स्वीकृतीको लागि छनौट गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८१।१०।१८)

यस शाखा कार्यालयको मिति २०८१।०७।१४ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको **website: http://www.bolpatra.gov.np/egp** मा प्रकाशित तपसिल बमोजिम ठेक्का नं तथा कार्यको खरिद सम्बन्धी बोलपत्रको सूचना अनुसार रीतपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धी सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| Contract Identification No | Name of Contract | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Excluding P.S. and Vat) |
|---|---|---|---|
| 05/NWSCPKR/WORKS/2081-082 | 500mm Dia DI and MS pipe Laying works. | Nepa Construction, Baghdole, Lalitpur Nepal | **87,24,257.00** |

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
Department of Water Resources and Irrigation

## People's Embankment Program, Field Office No. 7, Kanchanpur

## Invitation for Electronic Bids Only

Date of publication: 2081/10/18 (31st Jan, 2025)

1. People's Embankment Program, Field Office No. 7, Kanchanpur invites electronic bids from eligible bidders for the following bids under **National Competitive Bidding (NCB) procedures**.

| S.N. | IFB No. | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Minimum Average Annual Construction Turnover (NRs.) | Minimum Work Experience of similar size and nature (NRs.) |
|---|---|---|---|---|---|
| 1 | DWRI/KHUTIYA/NCB-09/2081/082 | 5000.00 | 919,000 | 43.85 million | 11.69 million |
| 2 | DWRI/MOHANA/NCB-10/2081/082 | 5000.00 | 1,993,000 | 95.16 million | 38.06 million |
| 3 | DWRI/BHUJELA/NCB-11/2081/82 | 5000.00 | 901,000 | 43.01 million | 11.47 million |
| 4 | DWRI/DODHA/NCB-12/2081/082 | 5000.00 | 1.893,000 | 90.39 million | 36.15 million |
| 5 | DWRI/MAHAKALI/NCB-13/2081/082 | 5000.00 | 2,156,000 | 102.93 million | 1.17 million |

2. Bid Validity Period/Bid Security Validity Period 90 Days /120 days from last date of bid submission.
3. Last Date & Time of Bid Submission-2081/11/18 (2nd March, 2025) till 12:00Hrs.
4. Eligible bidders may obtain further information from PPMO's website: http: //www.bolpatra.gov.np/egp or office

**Office Chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## संविधान संशोधनमा ख्यालख्याल कुरा

संविधान संशोधनको विषयलाई अहिले राजनीतिक दलदेखि सर्वसाधारणले चासोका साथ हेरिरहेका छन् । तर प्रधानमन्त्रीदेखि शीर्ष दलका नेताहरूले भने यसलाई मजाक बनाइरहेका छन् । सत्ताको चाबी लिनुपूर्व संविधान संशोधनलाई नै मुख्य एजेण्डा बनाएका कांग्रेस–एमाले अहिले एउटा पूर्वतिर फर्केको छ भने अर्को पश्चिमतिर ।

कांग्रेस जसरी पनि संविधान संशोधन गर्नुपर्छ भनेर बोलिरहेको छ, एमाले २०८७ पछि हुन्छ भनेर बोलिरहेको छ । कांग्रेसका सभापति शेरबहादुर देउवाले संविधानमा संशोधन हुनसक्ने बुँदाहरू बोल्न थालिसकेका छन् । मधेशवादी दलहरूको पनि चाहना संविधान संशोधनमै देखिन्छ । यसै विषयमा कांग्रेस–एमाले नेतृत्वको सरकारले गत पुस ११ गते संविधान संशोधन कार्यदल गठन गर्ने निर्णय गरेको थियो । तर माघ सकिनै लाग्दा पनि कार्यदल गठनको कुनै सुरसार छैन ।

विभिन्न विषयमा संविधान संशोधन हुनुपर्ने भन्दै नेताहरूले सार्वजनिक मञ्चहरूमा आफ्नो धारणा राख्दै आएका छन् । तर संविधान जारी भएको १० वर्ष पुग्नै लाग्दा के कस्ता अप्ठेरा आइपरे, सुधार कुन विषयमा गर्नुपर्ने हो भन्ने विषयमा प्रस्ट प्रतिवेदन तयार अझै पार्न सकेको छैन । कार्यदल बनाएर विज्ञहरूसँग बसी निश्चित समय दिएर संशोधन हुनुपर्ने हो संविधान । तर नेताहरूको तजविजीमा चल्ने देशमा उनीहरूकै भाषणअनुसार संविधान पनि संशोधन हुने हो कि भन्ने डर छ । यस्तो भए संविधान सर्वस्वीकार्य हुन सक्दैन । सबैभन्दा पहिले त प्रदेशलाई अधिकार दिन नै संघ डराइरहेको छ । देशमा व्यवस्थापिका, कार्यपालिका, प्रशासन, सैनिकदेखि जनताको शासन छ । यी बीचमा तदाम्यता मिल्न मुश्किल नै हुन्छ । प्रशासनले अहिलेसम्म प्रदेशलाई अधिकार दिने विषयमा रुचि देखाएको छैन ।

प्रदेशलाई प्रहरी राख्न दिने, निजामती कर्मचारीलाई प्रदेश संरचनामा विशेष व्यवस्था गर्ने विषयमा अझै अलमल छ । हुँदाहुँदा जिल्ला समन्वय समितिलाई समेत दलहरू मिलेर भुत्ते बनाउन थालिसकेको छ । यसरी बिरुवा लाग्दै गर्दा नै संविधान पूर्णकार्यान्वयमा जान नदिने अनि फेरि यो मिलेन त्यो मिलेन भन्दै संशोधनको तयारी गर्नु जायज देखिन्न । संविधानमा भएको व्यवस्थालाई पूर्णकार्यान्वयनमा लगेपछि मात्र ठीक वा बेठीक छुट्टिन्छ । त्यसले ओठे र कोठे अनुभव बताउनुभन्दा हतार नगरी पूर्णअध्ययन अनुसन्धान गरेर मात्र संविधान संशोधनको विषयमा बोल्नु उपयुक्त हुन्छ ।

# गान्धीजीको अन्तिम उपवास र हत्याको दुखद् घटना



■ सञ्जय पन्थी

> गान्धीको अनसन उनको अन्तःस्करणको आवाज थियो, केवल उनले मात्र महसुस गरे । हिंसाको ज्वालामा घोर अन्धकार महसुस गर्दै उनले त्यस्तो निर्णय गर्नुपरेको थियो । त्यसो त उनले सधैं आफ्नो उपवासको कारण सार्वजनिक गर्थे । उनले आफैंले त्यो व्रतका सर्तहरु तय गरे र जनतासामु राखे । उनले यसलाई आत्मनिरीक्षण वा आत्मशुद्धिको सबैभन्दा ठूलो माध्यम बनाए । ७८ वर्षीय वृद्ध गान्धी १३ जनवरी १९४८ देखि १८ जनवरी १९४८ सम्म दिल्लीमा आमरण अनसन बसे । त्यसले हंगामा नै मच्चियो ।

महात्मा गान्धी जीवनका अन्तिम दिन साह्रै निराश हुन पुगेका थिए । दैनिक बिहान र साँझ प्रार्थना गर्थे । प्रार्थनापछिको व्याख्यानमा आफ्नो मृत्युको पुकारा गरिरहन्थे । कारण, देशमा स्वतन्त्रतापछिको बर्बरताको साक्षी बन्नु पर्दा उनी दुःखी थिए । हिन्दू र मुस्लिम समुदायबीच द्वन्द्व चलिरहेको थियो । भारत अशान्त थियो । राजनीतिमा आफैंले विश्वास गरेका व्यक्ति शासक थिए तर उनको विचारको सुनुवाइ भइरहेको थिएन ।

गान्धीको जीवनमा २४ वर्षसँगै व्यतीत गरेका स्व. नारायणभाइ देसाईका अनुसार गान्धीको जीवनको अन्तिम आमरण अनसन १३ जनवरी १९४८ मा बिहान ११:५५ बजे बिडला हाउस दिल्लीमा भएको थियो । त्यसो त जातीय दंगा र विभाजनले अक्रान्त तत्कालीन भारतमा समाधानका अथक सूत्र उनी सावित थिए । त्यसैले उनले जनवरी १२ मा नै आफ्नो अनसन घोषणा गरे, दिल्लीमा हिंसा नरोकिएका भन्दै शान्तिका लागि उनी अनसन बसेका थिए । उनले भनेका थिए- मेरा सबै अपिलहरू व्यर्थ सावित भएका छन् । मलाई डर छ कतै यो हिंसा विष्फोट हुने त हैन ? त्यसैले भोलि बिहानदेखि मेरो अनिश्चितकालीन अनसन सुरु हुने छ । म अहिंस्रक व्यक्ति हुँ र अहिंस्रक व्यक्ति असहाय हुन सक्दैन, उसले हार स्वीकार गर्न सक्दैन र त्यसैले म आफूलाई क्रूसमा अर्पण गर्दै छु । म अहिंसाको साधक भएकाले ममा कुनै कमी छ कि भनेर परीक्षण गर्नका लागि पनि मैले यो साधना गर्नुपर्छ ।

गान्धीजीको अनसनको दिन, बिडला हाउसमा भारतीय र विदेशी पत्रकारको यति ठूलो भीड थियो कि त्यस अनसनले एउटा नयाँ आयाम थियो, जुन उनको कलकत्ता अनसनमा त्यति व्यापक थिएन । पत्रकार छक्क परे किन गान्धीजीले अचानक एक दिन अगाडि नै यो उपवास किन घोषणा गरे ? केही मानिस भन्दै थिए कि गान्धीजीले मुस्लिमका लागि यो अनसन गरे, केही मानिस भन्दै थिए, कि गान्धीजीले पाकिस्तानले आफ्नो ५५ करोड रूपैयाँ दिलाउन् । तर बिडला भवनको आँगनमा घाम तापेर सुतिरहेका ७८ वर्षीय गान्धीका लागि यी कुरा सामान्य थिए । गान्धीजीलाई देशवासीको पीडा राम्ररी जानकारी थियो र सायद त्यसैले उनले हिंसा विष्फोटको खतरा महसुस गरेका थिए । हिंसालाई नजिकबाट उनले नियालिरहेका थिए । उनले आफ्नो ज्यान बलिदान दिएर भए पनि यो देश र दिल्ली बचाउनुपर्छ भन्ने महसुस गरे ।

गान्धीको अनसन उनको अन्तःस्करणको आवाज थियो, केवल उनले मात्र महसुस गरे । हिंसाको ज्वालामा घोर अन्धकार महसुस गर्दै उनले त्यस्तो निर्णय गर्नुपरेको थियो । त्यसो त उनले सधैं आफ्नो उपवासको कारण सार्वजनिक गर्थे । उनले आफैंले त्यो व्रतका सर्तहरू तय गरे र जनतासामु राखे । उनले यसलाई आत्मनिरीक्षण वा आत्मशुद्धिको सबैभन्दा ठूलो माध्यम बनाए । ७८ वर्षीय वृद्ध गान्धी १३ जनवरी १९४८ देखि १८ जनवरी १९४८ सम्म दिल्लीमा आमरण अनसन बसे । त्यसले हंगामा नै मच्चियो । १९४८ मा आफ्नो अन्तिम आमरण अनसनमा गान्धीले सम्पूर्ण विश्वलाई दिएको स्पष्ट सन्देश यो थियो कि 'आत्मविश्वासले भरिएको व्यक्ति कहिल्यै डराउँदैन ।' त्यसैगरी, आत्मविश्वासले भरिएको देश पनि डराउँदैन । गान्धीका उपवासको बारेमा विश्वभर व्यापक अनुसन्धान भएको छ र भइरहेको छ ।

अनि जो डराउँदैन, उसको मनमा कसैप्रति घृणा हुँदैन । डर कमजोरीको संकेत हो । नैतिक आत्मविश्वासको कमीबाट डर उत्पन्न हुन्छ । स्व. नारायणभाइ देसाईका अनुसार गान्धीको अन्तिम उपवासलाई केही मानिसले जे सुकै भनुन्, तर सारा संसारले यो विश्वास गर्छ कि गान्धीको अन्तिम उपवासले देशलाई अराजकताको आगोबाट बचाएको थियो । गान्धीले जस्तै उपवास बस्नु सबैको वशको विषय र शक्ति हुँदैन । उपवास बस्नका लागि, व्यक्तिले आफ्ना विश्वासजनबाट अधिकार प्राप्त गर्नुपर्छ; त्यसका लागि व्यक्तिले आफ्नो सम्पूर्ण जीवन सुख-दुःखमा समर्पित गर्नुपर्छ । स्वतन्त्रतापछि कुनै पनि नेताले त्यसो गर्न सक्दैनथ्यो र गरेनन् पनि ।

गान्धी शान्ति प्रतिष्ठान दिल्लीका अध्यक्ष कुमार प्रशान्तले गान्धी आफ्नो हत्या हुनुभन्दा एक वा दुई दिनअघि उनले अर्को कठिन काम गर्ने सोचिरहेको घटना सुनाउँछन् । उनी चाहँदैनथे कि भारतको छिमेकमा सधैंका लागि स्थायी सत्रु रहोस् । त्यसकारण, तिनीहरूले मारिएका र पाकिस्तानबाट धपाइएका हिन्दू र सिखहरूलाई फिर्ता लिने छन् र मारिएका तथा यहाँबाट धपाइएका मुस्लिमलाई पाकिस्तानबाट फिर्ता ल्याउने छन् । त्यसैले उनले सुशीला नायरलाई जिन्नाहकहाँ पठाएका थिए । सर्त थियो, कि उनी हिन्दू र सिखहरूसँग पासपोर्ट र भिसाविना पाकिस्तान आउन चाहन्छन् । यदि जिन्नालाई यो गलत र गैरकानुनी लाग्यो भने उनले उनलाई पक्राउ गरेर जेल हाल्न सक्थे । जब सुशीला नायर जिन्नाहकहाँ पुगिन्, जिन्नाहले त्यसबखत भनेका थिए, तिमी गिरफ्तारीको कुरा गर्छौ, गान्धी पाकिस्तानमा जतिबेला पनि जहाँ चाहन्छन् त्यहाँ आउन वा जान सक्ने छन् । तर म अनुरोध गर्दछु कि यहाँ गान्धीजीको सुरक्षाको जिम्मेवारी पाकिस्तान प्रहरीले लिनुपर्छ किनभने यदि पाकिस्तानमा गान्धीजीलाई केही भयो भने पाकिस्तानको नाम नक्साबाट मेटिने छ । दुर्भाग्यवश गान्धीले यो गर्नु परेन । तर पाकिस्तान भारतका लागि सधैंका लागि समस्या बन्यो । आज पनि भारतमा गान्धीजस्तै बन्ने चाहना र आकांक्षी देखिन्छन् तर कोही उपवास बस्यो भने पनि केही हुँदैन; त्यो अवस्था पनि छैन ।

गान्धीको जतिसुकै विरोध गरे पनि आज कतिपय व्यक्ति गान्धी बन्ने चाहना राख्ने छन् र त्यस्तो चाहना राख्ने सधैं रहने छन् । उनी हाम्रो सबैभन्दा ठूलो आदर्श हुन् । सम्पूर्ण संसारका लागि एक आदर्श सावित छन् । यसमा विश्वका लागि हरेक नेताले आफूलाई उनीसँग तुलना गर्छन् । गान्धी वर्तमान भारतसँग जोडिएका र कहिल्यै विस्मृत नहुने पात्र हुन् । हामी विश्वास गर्न सक्दैनौं कि मोहनदास गान्धी १९४७ भन्दा पहिले अस्तित्वमा थिए वा आज ।

त्यसदिन पनि गान्धीको नित्य प्रार्थनाको समय साँझ ५ बजे थियो । तर त्यसदिन गृहमन्त्री बल्लभभाइ पटेल भेट्न आएकाले १५ मिनेट ढिलाइ भएको थियो । कुराकानीको विषय गम्भीर भएकाले पनि उनले भेटघाटलाई अतिरिक्त समय दिए । प्रार्थनाका लागि जुटेका करिब २५० जना धैर्यधारण गरिरहेका थिए ।

भेटघाटपछि उनी नातिनी आभा र मनुको काँधमा हात राखेर प्रार्थनासभातर्फ लम्किरहेका थिए । सँगसँगै ढिलाइ भएकामा आफ्ना सेविका एवं नातिनीलाई झपार्दै थिए । नातिनीले भनिन्, 'त्यति महत्त्वपूर्ण व्यक्तिसँग गम्भीर विषयमा छलफल चलेको थियो, कसरी तपाईंलाई प्रार्थनाको समय भयो भनेर अत्याउन सक्थ्यौं र ?' गान्धीले जवाफ फर्काए, 'नर्सको कर्तव्य बिरामीलाई समयमै औषधि सेवन गराउनु हो, ढिलाइ भयो भने बिरामी मर्न पनि सक्छ ।'

त्यही नै उनको जीवनको अन्तिम संवाद हुन पुग्यो । उनी मञ्चतर्फ उक्लँदै उपस्थित जनको नमस्ते फर्काउँदै थिए । गान्धी तीन-चार सिँढीमात्र के चढेका थिए, नाथुराम गोड्से भीडमा हत्याको तयारीसाथ प्रतीक्षारत रहेछ । उसले केही झुकेजस्तो गरी गोजीबाट बन्दुक निकालेर गान्धीको छातीमा गोली बर्सायो । गान्धीले अन्तिम समयमा 'हे राम, हे राम' मात्र भनिरहे । उनको तत्काल निधन भइहाल्यो ।

देसाईका अनुसार छैटौं पटकको प्रयासमा उनको हत्या भएको हो । जनवरी ३० का दिन । विश्वकै इतिहासमा क्रूर अनि वीभत्स दिनका रूपमा दर्ज छ । सन् १९४८ जनवरी ३० तारिखको साँझ ५:१७ (भारतीय समय) मा गान्धीको अकल्पनीय हत्या भयो । गान्धीलाई मुस्लिम धर्मावलम्बीको पक्षपोषण गरेको आरोप लागेको थियो । उनको हत्यासँग जोडिएको सवालमा भारतमा अहिलेसम्म राजनीति हुँदै अएको छ । गान्धीको हत्याराको पक्षपोषण गर्ने शक्ति (दल) भाजपा अहिले भारतको सत्तामा छ । हत्यारा नाथुराम गोड्से थिए भने योजनाकार वीर सावरकार ।

उनको हत्याको पहिलो प्रयास सन् १९३४ मा पुनाको एक सम्मान समारोहमा गरिएको थियो । तर गान्धी बच्न सफल रहे । दोस्रोपटक सन् १९४४ जुलाई २२ तारिखका दिन गोड्सेले नै आगाखान प्यालेसमा छुरा प्रहार गरेको थियो । तेस्रो प्रयास सन् १९४४ मै सेवाग्राम आश्रममा भएको थियो । दोस्रो प्रयास भएको केही दिनमा फेरि अर्का पात्र माधवराव सदाशिव गोलकर त्यसरी नै छुरा प्रहार गर्दा समातिएको थियो । चौथो प्रयास सन् १९४६ जुन ३० मा फेरि त्यही समूहले प्रयास गरे पनि सफल हुन सकेको थिएन । पाँचौं प्रयास सन् १९४८ जनवरी २० तारिख थियो । दिल्लीस्थित विडला भवनको गान्धीको प्रार्थनासभामा सुतली बम प्रहार गरिएको थियो । उक्त घटनामा मदनलाल पहवा नामक युवकलाई पक्राउ गरिएको थियो । पहवाको साबिती बयानले गान्धीको हत्यामा उसलाई परिचालन गर्ने व्यक्ति सावरकर नै रहेको पुष्टि हुन्छ ।

३० जनवरी १९४८ मा भारतको स्वतन्त्रता आन्दोलनका नेता एमके गान्धी (महात्मा गान्धी) को नयाँ दिल्लीको बिडला हाउस (अहिले गान्धी स्मृति)को परिसरमा हत्या भएको थियो । त्यसबेलादेखि, जनवरी ३० लाई भारतमा सहिद दिवसको रूपमा मनाइन्छ । गान्धी जीवित छैनन् तर उनको छाप जनजनमा अझै छ । त्यसैले गान्धी भारतको राजनीतिमा अदृश्य शक्ति हुन् । भारतमा जब-जब निर्वाचन हुन्छ, गान्धीका बारेमा बहस हुन्छ ।

उनको हत्यारा नाथुराम विनायक गोडसे थिए, जो अति दक्षिणपन्थी हिन्दू संगठन, हिन्दू महासभाका सदस्य थिए । गोडसेसँगै, हत्या र षड्यन्त्रका लागि अन्य आठ जनालाई अभियुक्त र गिरफ्तार गरिएको थियो । २७ मे १९४८ मा मुद्दा सुरु भयो र अदालतले एक जनाबाहेक सबै प्रतिवादीलाई आरोपित रूपमा दोषी ठहर गर्‍यो । हत्याको षड्यन्त्र र विष्फोटक पदार्थ ऐनको उल्लंघनका लागि आठ जनालाई दोषी ठहराइयो । नाथुराम गोडसे र नारायण आप्टेलाई फाँसी दिएर मृत्युदण्डको सजाय सुनाइयो र बाँकी छ जनालाई आजीवन कारावासको सजाय सुनाइयो । *रासस*

*(लेखक अहिंसा र गान्धी विषयका अध्यता हुन्)*

श्रम सरोकार

## ओमान जानुपूर्व जान्नैपर्ने कुराहरु

पासपोर्ट, भिसा, करारपत्र, श्रम स्वीकृति, रकम बुझाएको भर्पाइलगायतका कागजातहरू ठीक दुरूस्त भए नभएको यकीन गर्नुहोस् । कागजात ठीक भएपछि एक सेट छाँयाप्रति घरमा छोडेर जानुहोस् । रोजगारदाताले दिने सुविधाः तलब, आवास, खाना, ओभरटाइम, कार्यघण्टा, कार्यदिनसहितको श्रम सम्झौता रोजगारदाताको सही भएको छ छैन विचार पुऱ्याउनुहोस् । दोहोरो श्रम सम्झौता गरेर नजाउनुहोस् । वैदेशिक रोजगारीमा जानुपूर्व आफूले गर्ने कामसम्बन्धी तालिम लिनुपर्दछ । आवश्यक सीप भएमा बढी पारिश्रमिक पाइन्छ भने जोखिम पनि कम हुन्छ । वैदेशिक रोजगारीका लागि सरकारले स्वीकृति दिएको स्वास्थ्य संस्थाबाट मात्र स्वास्थ्य परीक्षण गराउनुपर्दछ । गर्भवती, दीर्घरोगी, अशक्त, यौनरोग, क्षयरोग, एचआइभी, टिबी, हेपाटाइटिस आदि रोग लागेमा वैदेशिक रोजगारमा जान पाइँदैन । प्रवेशाज्ञा लिएको तीन महिनाभित्र गन्तव्य देशमा पुगिसक्नुपर्दछ । करार अवधि थप गरेमा बिमा थप गर्नुपर्दछ अन्यथा बिमाबापतको सुविधा पाइँदैन । उमेर र रोजगार अवधिअनुसार बिमा शुल्क फरक-फरक हुने गर्दछ ।

भिसा लागेपछि म्यानपावर कम्पनीलाई तिर्नुपर्ने सेवा शुल्कबापतको १० हजार रूपैयाँ बुझाइ सोको भर्पाइ लिनुपर्दछ । सो भन्दा बढी रकम मागे ठगी गर्ने नियत रहेको बुझ्नुपर्दछ । वैदेशिक रोजगारमा जाने सबैले अभिमुखीकरण तालिम नलिई श्रम स्वीकृति पाइँदैन । श्रम स्वीकृति करारपत्रमा उल्लेख भएको समयका लागिमात्र हो करार अवधि थप गर्दा पुनः कल्याणकारी कोषमा रकम दाखिला गर्नुपर्दछ । स्वदेशको विमानस्थलको प्रयोग गर्नुपर्दछ । आवश्यक कागजात सीमानाकामा देखाउनुपर्दछ र व्यवसायीको आधिकारिक प्रतिनिधि साथै हुनु पर्दछ ।

अरबिक भाषाको सामान्य शब्दावली बुझ्ने र सोध्नसक्ने भएर जाँदा राम्रो हुन्छ । ओमानको कुन ठाउँमा जानुपर्ने जहाजबाट कहाँ पुगिने कति समय लाग्ने यकीन गरेर सोहीअनुसार खर्च र अन्य आवश्यक व्यवस्था गरेर जानुहोस् । नेपाल सरकारले घरेलु कामदार, निजी चालक, गार्डेनर तथा भान्से आदिलाई ओमान जान श्रम स्वीकृति प्रदान गर्दैन । कसैको लोभलालच वा आश्वासनमा परेर गलत तरिका वा बाटोबाट यस्ता काममा नजानुहोस् । विमानस्थलको अध्यागमन क्लियर भएपछि आफूलाई लिन आउने मानिस सही हो होइन नाम वा फोन नमबरबाट यकीन गर्नुहोस् । पासपोर्ट जसलाई पायो उसैलाई नदिनुहोस् । अर्कै रोजगारदाताले लैजान सक्ने भएकोले चनाखो हुनुहोस् ।

पाठक मञ्च

## आर्थिक मन्दीको प्रभाव

चार वर्षअघि देशभरका मालपोत र यातायात कार्यालयमा थेगिनसक्नु भीड हुन्थ्यो । खुट्टा टेक्नसमेत ठाउँ पाइँदैनथ्यो । जग्गा किन्ने र बेच्नेको मालपोत कार्यालयमा ठेलमठेल हुन्थ्यो भने गाडी किन्ने र बेच्नेको यातायात कार्यालयमा निकै चाप हुन्थ्यो ।

त्यतिबेला मालपोत र यातायात कार्यालय वरपरका होटल, रेस्टुरेन्ट, किराना पसल, चिया पसल, फोटो स्टुडियोलगायतको राम्रो व्यापार चलेको छ । मालपोत र यातायातका कर्मचारीझैं उनीहरूलाई पनि भ्याइनभ्याइ हुन्थ्यो । यता, यस्ता ठाउँमा कोठा, सटर र फ्ल्याट खाली पाइँदैनथ्यो ।

यहाँका घरधनीहरूले एउटै कोठाको आठ हजारदेखि २५ हजारसम्म अशुल्थे । एक फ्ल्याटको ३५ हजारदेखि तीन लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म लिन्थे । खाली सटर त झन् २५ लाखदेखि ८० लाखसम्ममा बेचबिखन गर्थे । मालपोत र यातायात कार्यालय वरपरको घरजग्गा जति पनि मूल्यमा बिक्री हुन्थ्यो ।

आनाकै ५० लाखदेखि दुई करोडसम्म हालेर जग्गा किनिन्थ्यो । यी ठाउँको घरजग्गा किन्न जोकोही पनि तयार हुन्थे, त्यो पनि मुखबोली रेटमा । तर, केही वर्षयता मालपोत र यातायात कार्यालय सुनसान छ । जग्गा बेच्ने र किन्ने कोही छैन । यातायात कार्यालयमा पनि कोही जाँदैनन् ।

बजारमा घरजग्गा र गाडीको किनबेचमा मन्दी आउनेबित्तिकै मालपोत र यातायात कार्यालय वरपरका घरहरू धमाधम खाली हुन थालेका छन् । भाडा तिर्न नसकेपछि डेराबहालसहित व्यापारी तथा व्यवसायीहरू भटाभट सरिरहेका छन् । अहिले बजारमा घरजग्गा, गाडी किन्ने एक जना पनि भेटिँदैन ।

४० वर्षकै बीचमा नेपालको खेतीयोग्य जमिनदेखि डाँडाकाँडासम्म प्लाटिङ गरेर सिध्याए । अहिले हामी हरेक खाद्यान्न विदेशबाटै आयात गरिएको खान्छौं । नेपालमा उब्जनी गर्ने जमिन नै छैन । केही भएको जमिन पनि गाउँमा बाँझो छ । यसले विदेशीले खाद्यान्न नपठाउनेबित्तिकै यहाँ भोकमारी निम्तिने छ । यता, व्यक्ति, संघसंस्था, राज्यले आम्दानीको स्रोत मानेको घरजग्गा पाँच दशकअघिकै अवस्थामा फर्किएको छ । घरजग्गा किनबेच घट्दै गएको छ । जसका कारण यी क्षेत्रमा लगानी गर्नेहरू पनि पलायन हुने अवस्थामा पुगेका छन् ।

- उमेश खड्का, कोटेश्वर

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -सम्पादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# लौरेपालो गरेर हुर्काइएको ‘राम्चेवन’ पर्यटकीय गन्तव्य बन्दै

■ सुशीला रेग्मी

**रामपुर (पाल्पा)**– लौरेपालो शब्द अहिले कतै सुनिँदैन । यो शब्द सुन्दा आश्चर्यजनक लाग्छ । लौरेपालेको जीवन्त कथा जोडिएको छ, राम्चे सामुदायिक वनसँग । पाल्पाको रामपुर नगरपालिका-५ मा रहेको राम्चे सामुदायिक वनको नाम लिँदा लौरेपालोको रोचक स्मरण उपभोक्तामा ताजै छ । तर अहिले लौरेपालेको चलन यहाँ छैन ।

वनले नयाँ स्वरूप धारण गरेर एउटा पर्यटकीय केन्द्रको रूपमा विकसित बनेको छ । अहिले यहाँको पर्या-पर्यटनले पर्यटकलाई आकर्षित बनाएको छ । रामपुरको केन्द्र भागमा अवस्थित रहेकाले हराभरा, पर्यटक लोभ्याउने वनको दृश्यले मनलाई आनन्दमय बनाइरहेको हुन्छ । पर्यटनको गहना बनेको राम्चेवन अहिले उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल बनेको देख्न पाउँदा खुसी हुन्छन्, ७४ वर्षीय नगिलाल पौडेल । उजाड नांगो डाँडोलाई स्थानीयवासीले संरक्षणमा जोड दिएकाले वनको शीतलता, स्वच्छ हावापानी उपभोग गर्न, पर्यटकीय विकासको रूपमा उपभोग गर्न पाइँदैनथ्यो, एउटा पर्यटक घुम्नेमात्र नभई यहाँ प्राकृतिक वस्तुको अध्ययन अवलोकन गर्ने, प्रकृतिको संरक्षण गर्ने थलो बनेको पौडेल बताउँछन् ।

‘अवलोकन गर्न लायकको नमूना बनेको छ, आफ्नै जीवनकालमा नांगो डाँडाको रूपमा देखेको वन अहिले यति धेरै परिवर्तन देख्न पाउँदा म एउटा भाग्यमानी उपभोक्ता हुँ भन्ने आफैंलाई गर्व महसुस भएको छ,’ उनले भने, ‘२०३९ सालमा उजाडिएको नांगो डाँडामात्रै थियो, रुख बिरुवा लगाएर यसलाई हराभरा बनाएर भविष्यमा एउटा नमूना वन बनाउन सकिन्छ भनेर स्थानीय बासिन्दा लागेपछि अहिले आफ्नै जीवनकालमा परिवर्तन देख्दा गरे के नहुने रहेछ र ? ।’

स्थानीयको सक्रियतामा २०३९ सालदेखि वन संरक्षणको प्रयास थालिएको हो । त्यस समय वनको संरक्षणका लागि पञ्चायत समितिमा रहेर काम गरेका पौडेलले सामुदायिक वनको रूपमा दर्ता भएपछि समिति, उपाध्यक्ष, अध्यक्ष पदमा विभिन्न समयमा सक्रियताका साथ सेवा गरे । स्थानीयले संरक्षण नगरेको भए यो वन नांगै डाँडा रहन्थ्यो । उनी भन्छन्, ‘चरिचरन गर्न जंगलतिर गएका पशु नांगो डाँडोमा छर्लंग देखिन्थे, गाईबाख्रा माथितिर पठाएर हामी तल फाँटमै बसेर हेरिन्थ्यो, अहिले भने घनाघोर, हराभरा, पर्यापर्यटनको रूपमा वन विकास भएको छ, संरक्षणमा उपभोक्ता सबै सचेत छन् ।’

करिब १०२ हेक्टर क्षेत्रफलमध्ये पाँच हेक्टर क्षेत्रफल पर्या-पर्यटन क्षेत्र छुट्ट्याएर पर्यटकीय पूर्वाधार विकासका कार्यहरू गरिरहेको वन उपभोक्ता समूहका अध्यक्ष दयाराम गैरेले बताए । जिल्ला डिभिजन वन कार्यालयको सहयोगमा दृश्यावलोकन (भ्युटावर) स्तम्भ, वनभोज गर्ने स्थान, शौचालय, रुखघर, झुला, पानीको फोहोरा, रामसीता र हनुमानको मूर्ति, प्रतीक्षालय, खानेपानीको सुविधा, पक्की पैदलमार्ग, फूलबारी तयार पारिएको अध्यक्ष गैरेले बताए ।

करिब ३५० जना अट्ने क्षमताको सभाहल रहेको छ । यहाँ विभिन्न संघसंस्थाको सभा, समारोह, गोष्ठीजस्ता कार्यक्रम हुने गरेको छ । उनका अनुसार पर्यटकीय क्षेत्रमा दिनमा १०० भन्दा बढी अवलोकन गर्न आउने गर्छन् । शनिबार र बिदाको दिन धेरै भीड हुने गर्दछ । हाल भ्युटावर क्षेत्र प्रवेश र पर्या-पर्यटन क्षेत्र रेखदेखका लागि वन समूहबाट हेरालु राखिएको छ । ‘रामपुरको बजार नजिकै भएकाले यस क्षेत्रमा पछिल्लो समय धेरै टाढाबाट घुमघाम तथा वनभोज गर्न आउने क्रम बाक्लिँदै गएको छ, तल बाक्लो बस्ती भएकाले दिउँसो र साँझको समय वनको शीतलता खोज्न आउनुहुन्छ,’ अध्यक्ष गैरेले भने ।

बेझाड बजारदेखि सजिलै साना तथा ठूला गाडीमा पुग्न सकिने भएकाले अहिले राम्चेवन धेरैको रोजाइमा पर्छ । यहाँको प्राकृतिक वातावरणमा घुमेर मनलाई आनन्दित पार्न युवा समूहको आकर्षण अझ बढ्दो पाइन्छ । रामपुरको मुख्य बजार



बेझाड बजारदेखि करिब २५० मिटर माथि पर्छ । गत वर्ष वनको स्रोतबाट दुईवटा झुला, रुखघर, रामसीता र हनुमानको मूर्ति निर्माण कार्य गएिको छ ।

वनभित्र साल, चिलाउने, साज, साज, जामुनो, अमला, सर्पगन्ध, हर्रोबर्रोजस्ता प्रमुख प्रजाति छन् । यहाँ मृग, कालिज, कुखुरा, बाघजस्ता वन्यजन्तु छन् । प्रत्येक उपभोक्ताबाट वनको हेरचाह, रेखदेख भइरहेको छ । वन समूहमा हाल ३२१ घरधुरी संख्या रहेको छ । सरकारले पर्यावरण र पर्यटन प्रवर्द्धनका लागि ‘एक सामुदायिक वन एक उद्यान’ कार्यक्रम अगाडि सारेकाले पनि सोहीअनुरूप यस राम्चे सामुदायिक वनले धमाधम पर्यटकीय क्षेत्र विकासका काममा जोड दिएको छ ।

वि.सं. २०५४ देखि वनभोजस्थलका रूपमा विकास गर्न थालियो । वनमा पर्यापर्यटनको उद्देश्यले २०६५/६६ देखि वनभोजका रूपमा निकै चहलपहल हुँदै गयो । २०७२ सालमा दृश्यावलोकन स्तम्भ सञ्चालनमा आएपछि पर्यटकको थप आकर्षण बढ्दै जान थाल्यो । रामपुर उपत्यका, स्याङ्जाको चापाकोट, तनहुँको घिरिंग क्षेत्रलगायतका विभिन्न कालीगण्डकी बेँसीको उपत्यकाको वारिपारिको दृश्य यहाँको पाँच तलाको दृश्यावलोकन स्तम्भबाट छर्लंग देख्न सकिन्छ ।

वि.सं. २०१३ मा वनहरू सरकारीकरण भएपछि वन मासेर जग्गा बनाउने काम भएकाले २०४७ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि नयाँ वन ऐन २०४९ तथा वन नियमावली २०५१ अनुसार सामुदायिक वन दिने भनी व्यवस्था भएअनुरूप वनलाई विधिवत्‌रूपमा समुदायमा हस्तान्तरण गरी संरक्षण र उपभोग गर्न पाउने नीतिका साथमा उपभोक्ता समूह दर्ता भएको हो । वि.सं. २०३०/३२ देखि राम्चे वनको अवधारणा आएको हो । तत्कालीन रामपुर गाउँ पञ्चायतले राम्चे वनलाई संरक्षण गर्नुपर्छ भन्ने धारणा ल्याएर वडाको कार्यालय सहयोगी खटाएर वनको रेखदेख गर्न थालियो । वि.सं. २०४७ मा सामुदायिक वनका रूपमा हस्तान्तरण गरिएपछि धेरै सुधार हुँदै हराभरा बन्न सकेको छ ।

जंगली जनावरको डर, त्रास, आक्रमण सहेर आफूले दैनिक सेवा गरेर हुर्काइएको वनमा हिजोआज वनभोज, घुमघामका लागि पर्यटक भित्रिँदा रमाइलो अनुभूति गर्छिन्, ८० वर्षीया चन्द्रकला नेपाली । जीवनको धेरै समय उनले वनको रेखदेखको जिम्मेवारी लिएर बिताइन् । साना बिरुवा अहिले बढेर ठूला भएको देख्दा आफूले जन्माएको सन्तान हुर्काएसरह नै वनप्रति माया बसेको उनले सुनाइन् । ‘बिहान ४ बजे उठेर वनको रेखदेख गर्न जान्थैँ, जंगली जनावरको डर हुन्थ्यो । चितुवा, बाँदरलगायतका जनावरको आक्रमणबाट बचेर घर फर्केका दिन धेरै छन्, दैनिक सबै वन हेरेर घर फर्कदा साँझ रात पर्थ्यो, निकै दुःख गरेर हुर्काएको वन अहिले यति धेरै परिवर्तन र ठूलो वन बनेको देख्दा खुसी लागेको छ,’ उनले भनिन् ।

### वन समूहको आयस्रोत

वनमा उत्पादन भएका दाउरा, काठपात बिक्री नै आयस्रोत रहेको छ । साथै पर्या-पर्यटनबाट पनि वनले आयआर्जन गरिरहेको छ । काठपात, दाउराबाट वन समूहले वार्षिकरूपमा सरदरमा छ लाख रूपैयाँ बराबरको आयआर्जन हुने गरेको छ । गत वर्षमात्रै काठपात, दाउरा बिक्री गरेर नौ लाख रूपैयाँ आम्दानी गरेको जनाइएको छ । वार्षिकरूपमा पर्या-पर्यटन, सभाहल, वनभोजबाट करिब एक लाख रूपैयाँ आम्दानी हुने गरेको छ । विपन्न वर्गको आयस्तर उकास्न करिब दुई हेक्टर क्षेत्रफलमा अम्रिसो, घाँसपात लगाइएको छ । यसबाट विपन्न व्यक्तिले आयआर्जन गरिरहेका छन् । नयाँ उपभोक्ता सदस्य बन्न चाहनेको हकमा उपभोक्ता समितिले निश्चित मापदण्ड तोकेको छ । एकाघर परिवारबाट छुट्टाभिन्न भएका सदस्यलाई सामान्य शुल्क ३०० रूपैयाँ तोकिएको छ भने नयाँ उपभोक्ता बन्नेलाई हाल २५ हजार रूपैयाँ प्रवेश शुल्क बुझाउनुपर्ने छ ।

### हाल वनको अवस्था

उपभोक्ता समितिले संरक्षण गरेका सालका रुख हर्लक्कै हुर्केका छन् । सालका रुखको उमेर ३५ वर्षको भयो । सरदरमा ४० इन्च गोलाइका रुखहरू तयार भएका छन् । १० वटा ब्लक विभाजन गरेर वनको संवर्द्धन भइरहेको छ । प्रत्येक वर्ष झाडी सुधारबाट निस्केको काठपात, दाउरा उपभोक्तालाई निःशुल्क वितरण गरिन्छ । उपभोक्तालाई सुलभ मूल्यमा काठ, दाउरा उपलब्ध गराइन्छ । प्राकृतिक रूपमा निस्केका बिरुवालाई संरक्षण गरिँदै अहिले वनले पर्यटकीय क्षेत्रको रूप धारण गरेको छ । उपभोक्ताको आवश्यकतालाई ध्यानमा राख्दै चाडपर्व तथा विभिन्न समय समयमा घाँस, दाउरा, स्याउला उपलब्ध गराइएको छ ।

प्राकृतिक विपत्तिमा उपभोक्तालाई निःशुल्क काठ, दाउरा निःशुल्क वितरण गरिने छ । धार्मिक, सामाजिक कार्यका लागि उपभोक्ताको निवेदनको आधारमा काठदाउरा उपलब्ध छ । वन समूहले आर्जन गरेको आम्दानीबाट २५ प्रतिशत रकम विपन्न वर्गको हितमा खर्चिइएको छ भने २५ प्रतिशत वन सम्बर्द्धनमा लगानी र बाँकी रकम सडक, पँधेराजस्ता सामाजिक क्षेत्रमा खर्चिने गरिएको छ ।

### बिरुवा हुर्काउन लौरेपालो

बिरुवा हुर्काउन वन समूहले उपभोक्ताबाट लौरेपालो सुरु गर्‍यो । प्रत्येक घरधुरीबाट दैनिक दुई जनाको पालो कायम गरेर वनको रेखदेख गरिन थालियो । यो कार्य करिव एक दशक चल्यो । बिरुवा बढ्दै जान थालेपछि वन समूहले लौरेपालो छाडेर उपभोक्ताभित्रबाट निश्चित पारिश्रमिक दिने गरी एक जना हेरालु राखेको जनाइएको छ । लौरेपालो टोलअनुसार विभाजन गरेर गरिन्थ्यो । यो निरन्तर चलिरहन्थ्यो । बिहानदेखि साँझसम्म दैनिक दुई जना उपभोक्ताले वन घुमेर रेखदेख गर्नु पर्दथ्यो । वनबाट फर्केपछि साँझ पालोअनुसार अर्को उपभोक्ताको घरमा लैरो बुझाउनुपर्ने चलन थियो । भोलिपल्ट सो लौरो लिएर जानुपर्ने नियमअनुसार सबै उपभोक्ताले अनिवार्य वन रेखदेख गर्नुपर्थ्यो ।

### नयाँ योजना यस्ता छन्

यहाँ आउने पर्यटकलाई लक्षित गरेर मिनि चिडियाखाना निर्माण गरिने वन समूहको योजना छ । त्यसका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । बेलखोल्सीमा बाँध बाँधेर पोखरी निर्माण गरी सिमसार क्षेत्र बनाइने छ । पानी सञ्चित गर्न, वन व्यवस्थापन र वनभित्र रहेका पानीका मूल संरक्षणका लागि सिमसार क्षेत्र बनाउने तयारी छ । यस क्षेत्रमा पर्यटक लक्षित सिमसार क्षेत्रको माथि वारपार गर्न काठको झोलुंगे पुल, वन समूहको कार्यालय भवन परिसरमा उद्यानसहितको बृहत् पार्क निर्माण गरिने योजना रहेको जनाइएको छ । *रासस*

# दुर्गम चेचुङ गाउँ सडक सञ्जालमा जोडियो

**म्याग्दी (प्रस)**– भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा पर्ने म्याग्दीको धवलागिरि गाउँपालिका-४ को चेचुङ गाउँ सडक सञ्जालमा जोडिएको छ ।

अपर म्याग्दी जलविद्युत् आयोजनाले धवलागिरि गाउँपालिका र वडा कार्यालयको समन्वयमा नाउरादेखि चेचुङ जोड्ने सडक निर्माण गरेको हो । प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वका कार्यक्रमअन्तर्गत स्थानीयको मागअनुसार करिब दुई महिना डोजर परिचालन गरेर नाउरादेखि चेचुङ जोड्ने पाँच किलोमिटर सडक निर्माण गरेको अपर म्याग्दी जलविद्युत् आयोजनाका प्रबन्ध निर्देशक जितबहादुर घर्तीले बताए ।

सडकबाट चेचुङका १९ घरपरिवार लाभान्वित भएका छन् । जिप, ट्र्याक्टर र मोटरसाइकल चल्न थालेका छन् । स्थानीयबासी चक्रबहादुर घर्तीले सडक निर्माण भएपछि एक घण्टाको बाटो १५ मिनेटमा छोटिएको बताए । स्थानीयबासीलाई आवतजावतका साथै खाद्यान्न, निर्माण सामग्री ढुवानी, कृषि र पशुजन्य वस्तु बजार पठाउन सहज भएको घर्तीले बताए । सडक पुगेपछि स्थानीयबासीले नाचगान गरेर खुसीयाली मनाएका छन् । मार्ग खुलेको सडकको स्तरोन्नति गरेर सहज र नियमित रूपमा यातायात सञ्चालनको ब्यवस्था मिलाउने धवलागिरि गाउँपालिकाका जनप्रतिनिधीले बताएका छन् । हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले चेचुङको फेदी नाउरामा म्याग्दी नदीमाथि ३६ मिटर लामो बेलीब्रिज जडान गरेको छ ।

हाइड्रो भिलेज प्रवर्द्धक रहेको ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनासँगको साझेदारीमा नाउरामा म्याग्दी नदीमाथि ३६ मिटर लामो बेलिब्रिज जडान गरेको अपर म्याग्दीको एकल लगानीमा नाउरास्थित बाँध निर्माणस्थलमा अर्को बेलिब्रिज निर्माणको तयारी गरेको छ । यसअघि गत वर्ष म्याग्दी नदीमा निर्माणाधिन तीनवटा जलविद्युत् आयोजनाको लागत साझेदारीमा धवलागिरि गाउँपालिका-४ को लामोछहरा केंकीदेखि खिवाङ जोड्ने करिब तीन किलोमिटर सडक निर्माण भएको थियो । म्याग्दीखोला जलविद्युत् आयोजनाको पहुँचमार्गमा पर्ने बगर गाउँमा पनि यसै वर्षभित्र सडक पुग्दै छ ।

मालिका गाउँपालिका-७ बिमको भारबाङदेखि कल्लेनी, छहरी, खारा, खाम्ला, नाउराहुँदै बगर गाउँ नजिकैसम्म करिब २१ किलोमिटर पहुँच निर्माण गर्न उक्त क्षेत्रमा निर्माणका क्रममा रहेका अपर म्याग्दी, अपर म्याग्दी-१, म्याग्दीखोला जलविद्युत् आयोजनाले साझेदारी गरेका छन् । पहुँचमार्ग, आवास र सैनिक क्याम्पको भवन, जेनेरेसनलाइन निर्माण सकिएको आयोजनाको सुरुङ, बाँध र विद्युत्‌गृह निर्माणको तयारी गरेको आयोजना प्रमुख रमेश सुवेदीले बताए । अबको दुई वर्ष पाँच महिनाभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित सिभिल ठेकेदार कम्पनी परिचालित भइसकेको छ ।


प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय**
धनगढी, कैलाली

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१८)

यस भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय धनगढी, कैलालीको कार्य क्षेत्र अन्तर्गत कंचनपुर, कैलाली जिल्लाको विभिन्न स्थानहरुमा भूमिगत सिचाई सम्बन्धि निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम बाट गर्न ठेक्का नं. GWRIDDO/PH-DS-ELE-PUMP/NCB/15/2081-082 देखि GWRIDDO/PH-DS-ELE-PUMP/NCB/20/2081-082 सम्मका सिलबन्दी बोलपत्रहरूको लागि मिति २०८१-१०-१८ गते www.bolpatra.gov.np/egp मा सूचना आह्वान गरिएको छ ।

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८१/११/१८ गते दिनको १२:०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८१/११/१८ गते दिनको २:०० बजे |

सिलबन्दी बोलपत्र पेश गर्ने तरिका : विद्युतिय माध्यमबाट मात्र (Electronic Submission Only) विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

कार्यालय प्रमुख



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, सिन्धुली**

**रूख कटान सहमति सम्बन्धमा**

सूचना प्रकाशित मिति: २०८१/१०/१८

उपरोक्त सम्बन्धमा सव डिभिजन वन कार्यलय दुधौली, सिन्धुली अन्तर्गतको श्री सप्तमाता सामुदायिक वन उपभोक्ता समुह दु.न.पा.वडा नं.१४,सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम आ.व. २०८१/०८२ को बार्षिक स्विकार्य परिमाणको परिधिभित्र रहेर ढलापडा, सुखड खडा र हैसियत विग्रिएका (४म) समेतका रुखहरू, सा.व.को काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१ ( शंसोधन २०७५ ) को अनुसूची- ६ वमोजिमको विवरण संलग्न राखी सम्बन्धीत सव डिभिजन वन कार्यालयका वन अधिकृत समेतका कर्मचारिहरूबाट साल समेत अन्य जातका रुखहरू छपान गरी छपान मुल्याङ्कन सहितको लगत सहित उक्त सव डिभिजन वन कार्यालयको मिति २०८१/०९/२९ गतेको पत्र/प्रतिवेदन बाट काठ दाउरा कटान मुछानको लागी शिफारिस भएकोमा यस कार्यालयका वन अधिकृतबाट दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को दफा २६ (१) मा भएको व्यवस्था अनुसार छपान भएका रुखहरू मध्ये कम्तिमा १०% चेकजाँच गरिएको र यस कार्यलयको च.न.१२३६ मिति २०८१/१०/०४ मा अनुरोध भए बमोजिम वन निर्देशनालय हेटौडा मकवानपुरबाट समेत नियमानुसार छपान निरिक्षण गरी उक्त निर्देशनालयको च.न.४८१ मिति २०८१/१०/१५ गतेको पत्रबाट अग्रीम कारबाहीको लागि आदेश प्राप्त भएकोले छपान मुल्याङ्कन बमोजिमका तपसिल वमोजिमको वन क्षेत्रबाट तपसिल अनुसारका रुखहरू २०८१ साल चैत्र मसान्त भित्र सम्बन्धीत सव डिभिजन वन कार्यालयका कर्मचारीहरूको रोहबरमा कटान मुछान गरी २०८२ बैशाख मसान्त भित्र घाटगद्दी गर्न यो कटान सहमति दिईएको छातोकिएको म्याद भित्र कटान तथा सङ्कलन नभएमा रुख हिनामिना भएमा वा सहमति बाहेकका रुखहरू कटान गरी अनियमित कार्य भए गरेमा सो को जिम्मेवार स्वयम् समूह नै हुने र कानून वमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ । साथै प्रचलीत कानुनको अधीनमा रही कटान मुछान कार्यको खर्च गर्नुहुन सुचीत गरीन्छ ।

तपसिल

**कटान हुने वन क्षेत्र**: पहिलो ( CISI) सामुदायिक वन समुहको टाँचा: SIN/DU/37/07
**डिभिजन वन कार्यालयको टाँचा** : ‘व.वि २०० का, घाटगद्धि स्थान: सा.व.को घाटगद्धी
**कटान हुने वन क्षेत्रको चारकिल्ला**: सा.व. को (CIS1) को चारकिल्ला,

| जात | कार्ययोजना बार्षिक स्विकार्य कटानको जात र परिमाण | | छपान मुल्यांकन बमोजिम संकलन सहमति दिईएको परिमाण | | |
|---|---|---|---|---|---|
| | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा | रूख संख्या | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा |
| साल | ३९४७.९५ | ४.२० | ५६ | ३९४३.१७ | ४.२० |



**युएईमा रोजगार** कम्पनी : Serveu

पूर्व स्वीकृति मिति : २०८१/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/१७ | LT. No. 308778 | चलानी नं. ६०२२३३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 21 | 0 | 1200 | ४५,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 5 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 3 | Painter Wall | 5 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 4 | Office Boy | 10 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 5 | Mason For Plaster/Block | 5 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 6 | Life Guards/Swimming Pool | 5 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 7 | gardener | 20 | 0 | 1200 | ४५,१७५ | | | | | | | |
| 8 | Electrician (General) | 5 | 0 | 1200 | ४५,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २५ गते (7th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००, ईमेल : diyalointl@gmail.com, www.diyalo.com.npt



**युएइमा रोजगार** कम्पनी : Kensington Beauty Bar Ladies Salon

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317537 | चलानी नं. ६०२३२१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nail Technicians | 0 | 2 | 1500 | ६७,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २५ गते (7th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, सिन्धुली**

**रूख कटान सहमति सम्बन्धमा**

सूचना प्रकाशित मिति: २०८१/१०/१८

उपरोक्त सम्बन्धमा सव डिभिजन वन कार्यलय दुधौली, सिन्धुली अन्तर्गतको श्री पुष्पान्जली सामुदायिक वन उपभोक्ता समुह दु.न.पा.वडा नं.१३, सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना वमोजिम आ.व. २०८१/०८२ को बार्षिक स्विकार्य परिमाणको परिधिभित्र रहेर ढलापडा, सुखड खडा र हैसियत विग्रिएका (४म) समेतका रुखहरू, सा.व.को काठ दाउरा संकलन तथा विक्री वितरण निर्देशिका, २०७१ (शंसोधन २०७५ )को अनुसूची- ६ वमोजिमको विवरण संलग्न राखी सम्बन्धीत सव डिभिजन वन कार्यालयका वन अधिकृत समेतका कर्मचारिहरूबाट साल समेत अन्य जातका रुखहरू छपान गरी छपान मुल्याङ्कन सहितको लगत सहित उक्त सव डिभिजन कार्यालयको मिति २०८१/०९/२९ गतेको पत्र/प्रतिवेदन बाट काठ दाउरा कटान मुछानको लागी शिफारिस भएकोमा यस कार्यालयका वन अधिकृतबाट दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ को दफा २६ (१) मा भएको व्यवस्था अनुसार छपान भएका रुखहरू मध्ये कम्तिमा १०% चेकजाँच गरिएको र यस कार्यलयको च.न. १२३६ मिति २०८१/१०/०४ मा अनुरोध भए बमोजिम वन निर्देशनालय हेटौडा मकवानपुरबाट समेत नियमानुसार छपान निरिक्षण गरी उक्त निर्देशनालयको च.न. ४८२ मिति २०८१/१०/१५ गतेको पत्रबाट अग्रीम कारबाहीको लागि आदेश प्राप्त भएकोले छपान मुल्याङ्कन बमोजिमका तपसिल वमोजिमको वन क्षेत्रबाट तपसिल अनुसारका रुखहरू २०८१ साल चैत्र मसान्त भित्र सम्बन्धीत सव डिभिजन वन कार्यालयका कर्मचारीहरूको रोहबरमा कटान मुछान गरी २०८२ बैशाख मसान्त भित्र घाटगद्दी गर्न यो कटान सहमति दिईएको छ । तोकिएको म्याद भित्र कटान तथा सङ्कलन नभएमा, रुख हिनामिना भएमा वा सहमति बाहेकका रुखहरू कटान गरी अनियमित कार्य भए गरेमा सो को जिम्मेवार स्वयम् समूह नै हुने र कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ । साथै प्रचलीत कानुनको अधीनमा रही कटान मुछान कार्यको खर्च गर्नुहुन सुचीत गरीन्छ ।

तपसिल

**कटान हुने वन क्षेत्र**: सम्पुर्ण वन क्षेत्र (Whole forest) सामुदायिक वन समुहको टाँचा: SIN/DU/36/01
**डिभिजन वन कार्यालयको टाँचा** : ‘व.वि २०० का’, घाटगद्धि स्थान: सा.व. को घाटगद्धी
**कटान हुने वन क्षेत्रको चारकिल्ला**: सा.व.को चारकिल्ला,

| जात | कार्ययोजना बार्षिक स्विकार्य कटानको जात र परिमाण | | छपान मुल्यांकन बमोजिम संकलन सहमति दिईएको परिमाण | | |
|---|---|---|---|---|---|
| | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा | रूख संख्या | काठ परिमाण (क्यु.फि.) | दाउरा चट्टा |
| साल | १०८२.०२ | २.७५ | ११ | १०००.७८ | १.६८ |

प्रभाव दैनिक

रूपशाला

## देवको 'बैंस जोवन' सार्वजनिक

देव घिमिरे विश्वकर्माले पञ्चेबाजाको बैंस जोबन बोलको गीत बजारमा ल्याएका छन् । लक्ष्मी कार्की र देवको स्वरमा रहेको गीतको शब्द देव स्वयंको रहेको छ भने संगीत अर्जुन पन्तले दिएका छन् । त्यस्तै गीतको एरेन्ज तेजेन्द्र दुराले गरेका छन् भने कृष्ण लामिछानेको मिक्सिङ रहेको छ । अर्जुन पन्त युट्युब च्यानलमार्फत् बजारमा आएको गीतमा सञ्जय, सपना, अर्जुन, महेश र सविनालगायतको अभिनय रहेको छ ।



शुक्रबार, १८ माघ २०८१ (Friday, January 31, 2025)

इन्डो नेपाल सुजन म्युजिक अवार्ड

# रिया बनिन् सर्वोत्कृष्ट नयाँ मोडल

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'ईन्डो नेपाल सुजन म्युजिक अवार्ड - २०२४ भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको छ । लोकसंस्कृतीको जर्गेना गर्ने उद्देश्यले गरिएको उक्त कार्यक्रममा नेपाल र भारतका दर्जनौ कलाकारहरूको उपस्थिति रहेको थियो । ईन्डो नेपाल सुजन म्युजिक अवार्ड २०२४' मा विभिन्न बिधाहरूमा बिजेता कलाकारहरूलाई अवार्ड प्रदान गरिएको छ ।

उक्त कार्यक्रममा लोक दोहोरी गायिका एबम मोडल रिया रेग्मी अवार्ड बिजेता बनेकी छन । रियाले रहरै भो गीतबाट सर्वोत्कृष्ट नयाँ मोडलमा अवार्ड हात पारेकी हुन । उनले आफ्ना प्रतिस्पर्धीहरूलाई पछाडि पार्दै अवार्ड हात पार्न सफल भएकी हुन । कलाकारिताको छेत्रमा प्रवेश गरेको २ वर्षमै रियाले यो अवार्ड लगाएत धेरै सफलताहरू हात पार्न सफल भएकी छन ।

रियालाई बरिस्ठ गायिका शर्मिला गुरुङ,बरिस्ठ गायक इन्द्र जिसिको हातबाट बेस्ट म्युजिक भिडियो मोडलको अवार्ड बितरण गरिएको थियो । अवार्ड बितरणपछि बिजेताहरूले अझै यस छेत्रमा थप लगनशिल हुँदै अगाडी बढने बताए ।

सुजन म्युजिक प्रा.लि.की अध्यक्ष जमुना रानाका अनुसार भारतमा नेपालीहरूको अवार्ड कार्यक्रम यो दोस्रो पटक आयोजना गरिएको बताईन् ।

ईन्डो नेपाल सुजन म्युजिक अवार्ड-२०२४' यसबर्ष पनि भारतको नयाँ दिल्लीमा भव्य रूपमा आयोजना गरिएको थियो । सुजन म्युजिक प्रा.लि.को आयोजनामा नेपाल र भारतमा रहेका संगितकर्मीहरूको नेपाली गित संगीतप्रतिको योगदानलाई सम्मान गर्न यसबर्ष पनि अवार्ड कार्यक्रम भएको हो । अवार्ड कार्यक्रमको लागि मनोनयन फारम खुल्ला गरेर सम्पुर्ण प्रक्रिया पूरा गरि भोटिङ गरेर धेरै भोट आएकालाई बिजयी घोषणा गरिएको थियो ।



सो अवार्ड कार्यक्रममा बिभिन्न ३३ विधामा अवार्ड बितरण गरिएको छ भने सांगीतिक क्षेत्रमा योगदान दिएका विभिन्न ब्यक्ति र स्रष्टाहरूलाई पनि सम्मान गरिएको आयोजक कमिटीकी अध्यक्ष गायिका राना मगरले बताइन । यस अवार्ड कार्यक्रमको नोमिनेशन नेपालमा भएको थियो भने अवार्डको फाईनल कार्यक्रम भारतको नयाँ दिल्लीमा भएको हो ।

अवार्डका बिधाहरूमा राष्ट्रिय भावको गीत, सर्वोत्कृष्ट लोक दोहोरी गीत, सर्वोत्कृष्ट एकल लोकगीत गायक/गायिका, सर्वोत्कृष्ट मौलिक गीत गायक/गायिका, सर्वोत्कृष्ट गायक/गायिका, सर्वोत्कृष्ट मोडल, सर्वोत्कृष्ट नयाँ मोडल, सर्वोत्कृष्ट भाका, सर्वोत्कृष्ट शब्द रचनाकार, सर्वोत्कृष्ट नव गायक/गायिकालगाएत गित संगितको क्षेत्रमा रहेका सर्वोत्कृष्ट कलाकारहरूको लागि राखिएको छ ।

माघ १३ गते भारतको नयादिल्लीमा रहेको प्यारेलाल भवनको आईटीओ मा ख्याति प्राप्त कलाकारहरूको बिचमा सांस्कृतिक कार्यक्रम सहित उक्त कार्यक्रम सम्पन्न भएको हो ।

संगीतप्रतिको योगदानलाई विभिन्न विधामा वर्गीकरण गरी पुरस्कृत गर्ने र यस क्षेत्रमा निरन्तर क्रियाशील वरिष्टतम गीत संगीतकर्मी श्रष्टा एवम् प्रस्तोताहरूलाई सम्मान गर्नका लागि नेपाली गीत संगीतकै इतिहासमा यो दोस्रो ईन्डो-नेपाल सूजन म्यूजिक अवार्ड-२०८१ को कार्यक्रम आयोजना गरिएको आयोजकको भनाई रहेको छ ।

नेपाली गीत संगीतको संरक्षण र सम्बर्द्धन गर्ने उद्धेश्यले वि.स. २०७० सालमा स्थापना भएको यस सुजन म्यूजिक प्रा.लि. नेपाली गित, संगीतको क्षेत्रमा क्रियाशिल नेपालको सकृय म्युजिक उत्पादक संस्था हो । नेपाली गीत संगीतको उत्पादन तथा प्रकाशनको गौरवमय यात्रामा थुप्रै गीतसंगीतकर्मीसंग सहकार्य गर्दै गीत संगीतका सयौं रचनाहरू भौतिक तथा डिजिटल प्रविधिमा प्रकाशन गरी नेपाली तथा अन्य भाषाभाषीका गीत संगीतको क्षेत्रमा यस संस्थाले छुट्टै योगदानका साथ पहिचान बनाउन सफल भएको छ ।

यस्तो खालको कार्यक्रमले नेपाली गीत संगीतको क्षेत्रमा क्रियाशील अग्रज श्रष्टाहरूलाई सम्मान तथा गीत संगीतको क्षेत्रमा नेपाल तथा भारतमा क्रियाशील गीत संगीतकर्मीहरूको सहकार्यलाई प्रोत्साहन हुने आयोजक कमिटीको अध्यक्ष राना मगरले बताइन् ।

# 'नेपाल कल्चरल इन्टरनेसनल फिल्म फेस्टिभल' सुरु



**काठमाडौं (प्रस)–** बिहीबारबाट काठमाडौंमा 'नेपाल कल्चरल इन्टरनेशनल फिल्म फेस्टिभल'को छैटौं संस्करण सुरु भएको छ । मोहन अभिलासी निर्देशित लघु चलचित्र 'पालो'को प्रदर्शनसँगै यो महोत्सव सुरु भएको हो ।

महोत्सवमा यस पटक ४७ देशका ९८ वटा चलचित्रहरू फाइनलको लागि चयन भएका थिए । ती सबै चलचित्र महोत्सवमा प्रदर्शन गरिने भएको छ । महोत्सवमा पहिलो दित लामा छोटा गरेर तीन दर्जन चलचित्र प्रदर्शन गरियो । महोत्सव बिहीबारबाटै राईजिङ मलको क्युएफएक्स सिनेमा र चलचित्र विकास बोर्डमा सुरु भएको हो । तथापि यो महोत्सवको उद्घाटन समारोह आयोजना काठमाडौंको दरबारमार्गस्थित क्युएफएक्स राईजिङ मलमा गरिएको थियो । महोत्सवको उद्घाटन बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री विमल ठकुरीले महोत्सवका उद्घाटन गरे ।

विश्वभरिबाट महोत्सवमा सहभागी चलचित्रकर्मीलाई स्वागत गर्दै मन्त्री ठकुरीले यस्ता कार्यक्रममा चलचित्रको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

महोत्सवको प्रशंसा गर्दै चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले समारोहमा विदेशी चलचित्रकर्मीलाई खादा र टोपी लगाएर स्वागत गरेका थिए । यस्ता महोत्सवलाई बोर्डले सहयोग गर्दै आएको उनले बताए ।

महोत्सवमा राष्ट्रिय टोलीका मुख्य निर्णायक वरिष्ठ संगीतकार शम्भुजीत बासकोटाले पनि विदेशी चलचित्रकर्मीलाई नेपालमा स्वागत छ भन्दै यसपटकका चलचित्रहरू एक से एक राम्रा भएको बताए ।

महोत्सवकी विशेष अतिथि नेपालकी प्रथम अभिनेत्री भुवन चन्दले पनि सबैलाई स्वागत गर्दै महोत्सवमा राम्रा चलचित्र हेर्ने अवसर पाएको बताइन् ।

नेपाली मौलिक चलचित्रको प्रोत्साहनको लागि यो महोत्सव विगत ६ वर्षदेखि आयोजना गर्दै आएको महोत्सव अध्यक्ष सन्तोष सुवेदीले कार्यक्रममा जानकारी गराए । यसपटक महोत्सवमा ३५ जना चलचित्रकर्मीहरू सहभागी भएको बताए ।

महोत्सव शनिबार उत्कृष्ट चलचित्र, कलाकार तथा प्राविधिकलाई अवार्ड प्रदान गर्दै समापन हुनेछ । जसमा उत्कृष्ट १५ ओटा राष्ट्रिय तथा १५ ओटा अन्तर्राष्ट्रिय गरी ३० मा अवार्डहरू प्रदान गरिने छ ।

महोत्सवमा अन्तर्राष्ट्रिय तर्फ आठ जना विदेशी निर्णायकहरू छन् । अन्तर्राष्ट्रिय निर्णायकमा भारतबाट चलचित्र निर्देशक निपोन धौला, जर्मनी चलचित्रकर्मी फाविन मात्थियस र चलचित्रकर्मी इभिन बिराजी, बेलायतबाट चलचित्र लेखक तथा निर्देशक लुईसा प्रिटोलानी, क्यानडाबाट चलचित्र निर्देशक जुडी ग्लाड्स्टोन, इरानबाट अभिनेत्री, लेखक तथा निर्देशक तिमा टाघिजादेह, बहराइनबाट चलचित्र निर्माता निर्देशक एवम् लेखक इभा दाउद र रुसबाट चलचित्रकर्मी इरिना बेराजी रहेका छन् ।

नेपालबाट निर्णायकको रूपमा वरिष्ठ संगीतकार तथा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष शम्भुजीत बास्कोटा, अभिनेत्री मिथिला शर्मा, अभिनेता प्रदीप खड्का,अभिनेत्री सुरक्षा पन्त, चलचित्र निर्देशक दीपेन्द्र के. खनाल, चलचित्र निर्माता एवम् निर्देशक रौनक विक्रम कँडेल, निर्देशक दिनेश लिङ्देन र टेलिभिजनकर्मी टिकाराम यात्री छन्। महोत्सवमा चलचित्र प्रदर्शनसँगै चलचित्रको विषयमा अन्तरक्रिया, मास्टर क्लास, कार्यशालाका साथै कला प्रदर्शनीसमेत आयोजना गरिएको छ ।

## रंगशाला

त्रिकोणात्मक सिरिज

# नेदरल्याण्ड्ससँग नेपाल पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं –** त्रिकोणात्मक टी ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल नेदरल्याण्ड्ससँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान बिहीबार भएको उद्घाटन खेलमा नेपाल नेदरल्याण्डसँग २० रनले पराजित भएको हो । नेदरल्याण्ड्सले जितका लागि दिएको एक सय ५८ रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ३७ रनमा समेटिएको हो ।

नेपालका लागि सीता रानामगरले सर्वाधिक २८ रनको योगदान दिइन् । उनले ४५ बलमा तीन चौकाको सहयोगमा २८ रन बनाएकी हुन् । त्यसैगरी कविता जोशीले १७ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाइन् । पुजा महतोले १४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा २४ रन बनाइन् ।

त्यसबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सम्झना खड्काले ९ रन बनाइन् भने कविता कुवँरले ८ तथा कप्तान इन्दु बर्माले ७ रन जोडिन् । बलिङतर्फ नेदरल्याण्डसका इभा लिन्च र क्यारोलिन डे लाङले समान दुई दुई विकेट लिइन भने आइरिस विलिङ र फ्रेडरिक ओभरडाइकले समान एक एक विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर एक सय ५७ रनको योगफल बनाएको हो ।

नेदरल्याण्ड्सका लागि रोबिन रिकेले सर्वाधिक ५९ रनको योगदान दिइन् । उनले ४८ बलमा ८ चौकासहित ५९ रन बनाएकी हुन् । त्यस्तै आइरिस विलिङले १३ बलमा ३१ रन बनाइन् । स्ट्री कालिसले ३५ बलमा २९ रन जोडिन भने र हेटर सिगेसर्ले १९ बलमा २३ रन जोड्दै आउट भइन् ।

नेपालका लागि कविता कुँवर, पुजा महतो, सिता रानामगर र ईश्वरी विष्टले समान एक-एक विकेट लिए । अब नेपाली महिला टोलीले शनिबार थाइल्याण्डसँग प्रतिस्पर्धा गर्नेछ ।

## बुढासुब्बा गोल्डकपको तयारी पूरा

**धरान (सुनसरी) (प्रस) –** अन्तर ीष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको २५औं संस्करणको तयारी पूरा भएको छ । बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजक धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले यही माघ १९ गतेदेखि २६ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिए । धरान उपमहानगरपालिका-१६ स्थित रङ्गशालामा आयोजना हुने प्रतियोगितामा १० वटा क्लब सहभागी रहनेछन् । माघ १९ गते पहिलो खेल लिग च्याम्पियन चर्च ब्वाइज क्लब र पुलिस क्लबबीच हुने अध्यक्ष तामाङले बताए ।

प्रतियोगितामा एनआरटी क्लब काठमाडौं, लिग च्याम्पियन चर्च ब्वाइज क्लब, नेपाल पुलिस क्लब, भुटान फुटबल एकेडेमी, त्रिभुवन आर्मी क्लब, इटहरी जागृति क्लब, युके एफसी भारत, मच्छिन्द्र क्लब काठमाडौं, काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर झापा, र धरान फुटबल क्लब रहने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले ट्रफीसहित रु १० लाख र उपविजेताले नगद रु पाँच लाख पुरस्कार पाउने छन् । उत्कृष्ट खेलाडीले नगद रु एक लाख र प्रत्येक खेलको प्लेयर अप द म्याचले रु १५ हजार सर्वाधिक गोलकर्ताले रु ३५ हजार, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफन्स, उत्कृष्ट मीड फिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही रु २५ हजार पुरस्कार पाउने क्लबका महासचिव नविन राईले बताए ।

सभापति कप फुटबल

# संकटाले उचाल्यो उपाधि



■ प्रभाव संवाददाता

**काठमाडौं–** टाइब्रेकरमा आयोजक लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेश (बागमती) लाई पराजित गर्दै ए डिभिजन लिग क्लब संकटाले सभापति कप फुटबल प्रतियोगिता जितेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बिहीबार सम्पन्न फाइनलको निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएको थियो । योसँगै खेल टाइब्रेकरमा पुगेको हो ।

टाइब्रेकरमा संकटाले ४-३ ले बाजी मार्‍यो । उपाधिसँगै संकटाले २६ लाख रूपैयाँ हात पार्‍यो । बागमतीले भने १३ लाख रूपैयाँमा चित्त बुझायो। संकटाका राम थापा र रोशन पहारीको प्रहार विकेश कुथुले रोके। तर, लक्ष्छु थापा, साम कार्लोस, दीप कार्की र सुनिल खड्काले गोल गरे । बागमतीका नवीन लामा, फोडे फोफना र सेन्जल एलेक्सले मात्रै गोल गर्न सके। कुलदीप कार्की र गौरव श्रेष्ठको प्रहार गोलरक्षक दीप कार्कीले रोके । रजत तिवारीको प्रहार माथिल्लो बारबाट बाहिरियो ।

# गर्ल्स सिंगल्समा प्राज्नालाई स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** प्राइम ग्लोबलकी प्राज्ना महर्जनले नवौं कृष्णध्वज स्मृति टेबलटेनिस प्रतियोगिताको यु-१२ गर्ल्स सिंगल्समा बिहीबार स्वर्ण जितेकी छन् ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा प्राज्नाले आदर्श विद्या मन्दिर (एभिएम) की साइरा शाक्यलाई ३-१ ले पराजित गरिन् । एभिएमकी तया बुङमा राई र जेम्सकी सुहाना महर्जन तेस्रो भए ।

रेड टाइल्सको आयोजनामा भइरहेको प्रतियोगिताको कलेजतर्फ पुरुष सिंगल्समा गण्डकी विश्व विद्यालयका गनन्जय दाहाल र क्याननका हिमाल विष्ट फाइनलमा पुगे । सेमिफाइनलमा गनन्जयले गोल्डेनगेटका सुजन गडाललाई ३-१ तथा हिमाल विष्टले सिड एकेडेमीका प्रवेश बस्नेतलाई ३-० ले पाखा लगाए ।

सोही विधाको महिलामा एभिएमकी इभाना थापाले एभीएमकै आश्मा पहरीलाई ३-० तथा रिड मोडेलकी सुस्मिता खड्काले एभिएमकी वियंका राईलाई ३-१ ले पन्छ्याउदै फाइनलमा स्थान पक्का गरे ।

# रुसी ड्रोन आक्रमणबाट चार युक्रेनीको मृत्यु



**किएभ–** युक्रेनको पूर्वी सहर सुमीमा सोभियतकालीन आवासीय ब्लकमा युक्रेनका विभिन्न सहरलाई लक्षित गरी गरिएको रुसी ड्रोनले लाग्दा कम्तीमा चार जनाको मृत्यु भएको युक्रेनी गृह मन्त्रालयले जनाएको छ । रूसले सन् २०२२ को सुरुमा युक्रेनमा आक्रमण गरेयता दैनिकजसो दर्जनौं ड्रोन वा क्षेप्यास्त्रले युक्रेनी भूगोलमा गाउँ र सहरमा रहेका बस्तीका साथै महत्त्वपूर्ण भौतिक संरचनालाई लक्षित गर्दै आएको छ ।

आपत्कालीन सेवाहरूले वितरण गरेको तस्बिरमा भवनको छेउमा एउटा प्वाल परेको र उद्धारकर्मीहरूलेजीवितव्यक्तिहरूको खोजी गर्दै भवनको भग्नावशेष खनेको देखाइएको छ । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जालमा लेखेका छन्, 'यो एक भयानक त्रासदी र भयानक रूसी अपराध हो ।'

उनले अगाडि भनेका छन्, 'विश्वले यस आतंकको विरूद्धमा रूसलाई दबाब दिन नरोकोस् । यो अति आवश्यक छ ।' युक्रेनका मानवअधिकार आयुक्त दिमित्रो लुबिनेट्सले सुमीमा चार जनाको मृत्यु हुनुका साथै एक बालकसहित नौ जना घाइते भएको बताएका छन् । यो सहर रूसी हवाई आक्रमणमा नियमितरूपमा लक्षित गरिएको उत्तरपूर्वी युक्रेनमा रूसको सीमामा अवस्थित छ । युद्धअघि त्यहाँ दुई लाख ५५ हजार ६७२ मानिस बस्थे । युक्रेनी वायु सेनाका अनुसार मस्कोले ८१ वटा ड्रोनले आक्रमण गरेको र इरानी ड्रोनजस्तै नमूनाको शाहेद पनि रहेको थियो ।

उनीहरूको एयर डिफेन्स एकाईले सुमी र राजधानी किएभ नजिकैका विभिन्न क्षेत्रमा रहेका ३७ वटा ड्रोन खसालेको थियो । 'ब्ल्याक सी'मा रहेको ओडेसाको दक्षिणी क्षेत्रमा रुसी ड्रोनले युक्रेनको महत्त्वपूर्ण निर्यात केन्द्रमध्ये एक इजमेल बन्दरगाह सहरलाई निशाना बनाएको अधिकारीहरूले बताएका छन् । *रासस/एएफपी*

# दुबई विमानस्थलबाट नौ करोड २३ लाख यात्रुलले लिए सेवा

**दुबई–** दुबईको अन्तर्राष्ट्रिय विमानस्थलबाट गत वर्ष नौ करोड २३ लाख यात्रुले सेवा प्राप्त गरेका छन् । सन् २०१८ मा आठ करोड ९१ लाख यात्रुलाई आवत जावतका लागि सेवा दिएको दुबई विमानस्थलले गाजा युद्ध र गत अप्रिलमा आएको आकस्मिक बाढीका कारण उत्पन्न क्षेत्रीय तनावका बावजुद आफ्नो सेवामा उच्च उत्कृष्टता प्रदर्शन गर्न सफल भएको हो ।

एसिया, युरोप र अफ्रिकाको बीचमा अवस्थित संयुक्त अरब इमिरेट्स (युएई) सहर एक दशकसम्म विश्वको सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक विमानस्थल बन्न सफल भएको छ । संयुक्त अरब इमिरेट्स (युएई) का प्रधानमन्त्री शेख मोहम्मद बिन रसिद अल मकतूमले एक विज्ञप्ति जारी गर्दै विमानस्थललाई 'विश्वव्यापी सफलताको कथा' को संज्ञा दिँदै यसले ४०० अन्तर ाष्ट्रिय गन्तव्यलाई लक्षित गरेको बताए ।

दुबई विमानस्थलका प्रमुख कार्यकारी अधिकृत पल ग्रिफिथ्सले सन् २०२७ सम्ममा दुबईले १० करोड यात्रु ओहोरदोहोर सेवा दिनेमा आफू विश्वस्त रहेको बताएका छन् । दुबईले अब छिमेकी साउदी अरबको रियादमा निर्माण भइरहेको एक प्रमुख नयाँ विमानस्थलबाट प्रतिस्पर्धाको अपेक्षा गरेको छ । विमानस्थलले सहरको बाहिरी इलाकामा अल मकतूम इन्टर नेसनल विमानस्थलमा ३५ अर्ब डलरको विस्तार र स्थानान्तरणको योजना पनि बनाइरहेको छ ।

व्यापार, पर्यटन र व्यापार केन्द्रले अचल सम्पत्ति कारोबार मूल्य र बढ्दो जनसंख्या वृद्धिको साक्षी रहेको युइईले पेट्रोलियम पदार्थ (इन्धन) बाहेक आफ्नो अर्थव्यवस्थाको विविधीकरणको प्रयासलाई जारी राखेको छ । *रासस/एएफपी*

# इन्डोनेसियामा ७६ रोहिंग्या शरणार्थीलाई स्थानान्तरणका लागि स्वीकृति

**बान्डा आचेह, इन्डोनेसिया–** इन्डोनेसियाको पश्चिमी क्षेत्रमा रहेको एक पर्यटकीय तटमा डुंगाबाट आएका दर्जनौं रोहिंग्या शरणार्थीलाई स्थानीयले अवतरण गर्न अनुमति दिएपछि अस्थायी आश्रयस्थलमा सारिएको एक अधिकारीले बिहीबार बताएका छन् । म्यान्माको अल्पसंख्यक मुस्लिम रोहिंग्या समुदायमाथि अत्यधिक उत्पीडन भइरहेका कारण त्यहाँबाट शान्ति र रोजगारीको खोजीमा हरेक वर्ष हजारौंले बंगलादेश, मलेसिया, इन्डोनेसिया पुग्न लामो र खतरनाक समुद्री यात्रामा आफ्नो ज्यान जोखिममा पार्ने गरेका छन् ।

चार बालबालिकासहित ७६ शरणार्थीको पछिल्लो समूहलाई बुधबार राति आचेह प्रान्तको पूर्वी आचेह सहरको एक फुटबल मैदानमा पाल टाँगी अस्थायीरूपमा बस्नदिने प्रशासनले स्वीकृति दिएको हो । स्थानीय प्रशासनका अधिकारी इस्कन्दरका अनुसार अधिकारीहरूले सुरुमा शरणार्थीहरूलाई भाग्नबाट रोक्न र केही स्थानीय बासिन्दाहरूले सहरमा उनीहरूको उपस्थितिको विरोध गरेका कारण उनीहरूलाई डुंगाबाट ओर्लिन वा सामुद्रिक किनारबाट बाहिर जानबाट रोकेका थिए ।

इस्कन्दरले एएफपीसँग भने, 'धेरै घण्टापछि एक सहमति मा पुगिएको छ । शरणार्थीहरूलाई अब ओर्लिन शिविरभित्र बस्न अनुमति दिइने छ ।' शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त र अन्तर्राष्ट्रिय आप्रवासन संगठनका प्रतिनिधिहरूले स्थानीय बासिन्दा र अधिकारीहरूसँग वार्ता गर्न त्यस क्षेत्रको भ्रमण गरेका थिए ।

इस्कन्दरका अनुसार अस्थायी आश्रयस्थलको क्षमता सीमित भए पनि यो अझै पनि अस्थायी आश्रयस्थलका रूपमा पर्याप्त छ । थकित देखिएका तर गम्भीर अवस्थामा नरहेका ती शरणार्थीले म्यान्माबाट समुद्री मार्गबाट केही दिन यात्रा गरेको बताएका छन् । इन्डोनेसियामा रोहिंग्याहरूको आगमन आँधीबेहरी आउने र जाडो महिनाहरूमा सुस्त हुन्छ र समुद्रको अवस्था शान्त हुँदा बढ्छ ।

यसै महिनाको सुरुमा २६० भन्दा बढी रोहिंग्या शरणार्थी आचेहको समुद्री तटमा पुगेका थिए । इन्डोनेसियाले संयुक्त राष्ट्रसंघको शरणार्थी महासन्धिमा हस्ताक्षर गरेको छैन र म्यान्मारबाट शरणार्थी ल्याउन बाध्य पार्न नसकिने बताउँदै छिमेकी देशहरूलाई बोझ बाँड्न र आफ्नो किनारामा आइपुगेका रोहिंग्याहरूलाई पुनर्स्थापना गर्न आह्वान गरेको छ । धेरै आचेनीहरू आफ्ना सँगी मुसलमानहरूको दुर्दशाप्रति सहानुभूति राख्छन् तर कतिपयले उनीहरूको उपस्थितिलाई अस्वीकार गर्दै रोहिंग्याहरूले दुर्लभ स्रोतहरू उपभोग गर्ने र कहिलेकाहीं स्थानीयहरूसँग द्वन्द्वमा आउने सम्भावनालाई देखाउँदै उनीहरूलाई स्वीकार्न नहुने बताउँछन् । *रासस/एएफपी*


**सुदूरपश्चिम प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
## सेती प्रादेशिक अस्पताल
**धनगढी, कैलाली, नेपाल**

## बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१८)**

आ.व.२०८१.०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपसिल अनुसूचका मेडिकल ऊपकरणहरु बिद्युतिय बोलपत्रको माध्यमबाट आपूर्ति गनुपर्ने भएकोले ईच्छुक इजाजतपत्र प्राप्त सप्लायर्स फर्म, आपूर्तिकर्ता, कम्पनी एवम संस्थाहरूले यो सूचना र बोलपत्र फाराममा ऊल्लेखित शर्तको अधिनमा रहि रितपूर्वक छुट्टछुट्टै सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गएिको छ ।

| ठेक्का नं. | संक्षिप्त विवरण | बोलपत्र दस्तुर | धरौटी |
|---|---|---|---|
| SPH/NCB/Goods/ 13/2081/082 | C-arm X-ray Machine | ३०००।०० | १,७०,०००।०० |
| SPH/NCB/Goods/ 14/2081/082 | Portable Digital X-ray Imaging System (Portable DR) | ३०००।०० | १,२५,०००।०० |
| SPH/NCB/Goods/ 15/2081/082 | Fully Automatic Clia Analyzer | ३०००।०० | १,२०,०००।०० |

थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np, www.sph.gov.np वा यस अस्पतालको फोन नं. ०९१ ५२५९११ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

**प्र.मे.सु.**
**डा. हेमराज पाण्डे**



## Kalika Municipality
## Office of Municipal Executive
**Redcrossgram, Chitwan**
**Bagmati Province**

## INVITATION FOR BIDS

**First date of publication: - 2081-10-18 (31st January, 2025)**

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed bids from eligible bidders for construction of following works mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Bid Validity/Bid Bond Validity Period | Estimated Amount (NRs.) *Inclusive VAT and PS* | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | 15/Works/NCB/ KM/081/082 | Different Roads Maintainance Work In Kalika Municipality ward no - 2, 4, 5, 6 & 7 Chitwan | 120 days from the day of bid opening (must ve valid Up to 2082-03-17 (1st July, 2025)). | 67, 80,577.43 | 1,75,000.00 | 3,000.00 |

**Account details for purchasing bidding document and bid security deposit**
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
**Last Date of Sealed Bids Submission Date: Before 12 PM on 2081-11-19 (3rd March, 2025)**
**Sealed Bids Opening Date: At 13:00 PM on 2081-11-19 (3rd March, 2025)**
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



## वैदेशिक रोजगार विभागको
## सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Euro Cross International Pvt.Ltd.** (ई.प.नं.९९५/०६८/६९) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. राजेन्द्र लुइटेल (०१-६८००) (२६८०१-४०००००)<br>२. सानोकाजी थापा (६८०१-२६८००) | १. सानोकाजी थापा (०१-४००००) |



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५९२०० | प्रति तोला - ० | प्रति तोला - १८३५ |

## नेपालको विकासका लागि जापानको सहयोग निरन्तर : *राजदूत मायदा*




■ प्रभाव संवाददाता

**ललितपुर–** नेपालका लागि जापानका नवनियुक्त राजदूत तोरु मायदाले जापानले नेपालको विकासमा गर्दै आएको आर्थिक तथा प्राविधिक सहयोगलाई निरन्तरता दिने बताएका छन् ।

नेपाल जाइका अलमनाई एशोसिएसन (जान) द्वारा नवनियुक्त राजदूत मायदाको सम्मानमा बिहीबार आयोजित स्वागत कार्यक्रममा उनले नेपाल-जापानबीच लामो समयदेखि मैत्रीपूर्ण, घनिष्ठ र सुमधुर सम्बन्ध रहिआएको बताए ।

राजदूत मायदाले भने, 'हाल करिब दुई लाख नेपाली जापानमा अध्ययनलगायत विभिन्न पेसा र व्यवसायमा संलग्न हुनुहुन्छ। जापानी भाषा, संस्कृति र जापानका बारेमा ज्ञान भएका नेपाली जनशक्तिको जापानमा अझै खाँचो छ ।'

धेरै वर्ष पहिला नेपालको भ्रमणमा आफूले यहाँको सुन्दर पहाड र हिमाल हेर्न तथा जहाँ-जाँदा पनि नेपाली नागरिकबाट न्यानो माया पाएको स्मरण गर्दै राजदूत मायदाले अहिले राजदूतका रूपमा नेपाल आउँदा अझ खुसी लागेको धारणा व्यक्त गरे ।

'जान'का सदस्यहरूले दुई देशबीचको सम्बन्ध सुमधुर बनाउन उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै उनले दुई देशबीचको सम्बन्ध सुमधुर बनाउन र नेपालको विकासका लागि जानका सदस्यले भविष्यमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रम आयोजक संस्था जानका अध्यक्ष डा रामचन्द्र भुसालले जानले विगत पाँच दशकदेखि नेपाल-जापानबीचको सम्बन्ध सुमधुर बनाउन, जापानी प्रविधि नेपालमा भित्र्याउन र देशको आर्थिक विकासमा सहयोग पुर्‍याउन उल्लेख्य भूमिका खेलेको बताए । अलमनाई एशोसिएसनले दुई देशबीचको सम्बन्ध विस्तार गर्ने सिलसिलामा ललितपुर र सिन्धुपाल्चोकको ग्रामीण समुदायमा विभिन्न सहयोग तथा जापानी प्रसिद्ध वृक्ष साकुराका बिरुवा हस्तान्तरण कार्यसमेत गर्दै आएको छ ।

स्वागत कार्यक्रममा जाइका नेपालका प्रमुख आवासीय प्रतिनिधि मिजुकी माच्चुजाकी, सरकारका उच्च अधिकृत, जानका सदस्य, जापानी राजदूतावास एवं जाइका नेपालका उच्चपदस्थ अधिकारी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरू सहभागी थिए ।

आठौं अन्तर्राष्ट्रिय चेम्बर एक्स्पो

## उत्पादन बढाएर निर्यात बढाउन प्रधानमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले ठूलो मात्रामा उत्पादन गरेर छिमेकी भारत र चीनलगायत अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउने अवस्था सृजना गर्न उद्योगी-व्यवसायीलाई आग्रह गरेका छन् ।

नेपाल चेम्बर अफ कमर्शद्वारा भृकुटीमण्डपमा आयोजित आठौं अन्तर्राष्ट्रिय चेम्बर एक्स्पोको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले निर्यात बढाउन ठूलो मात्रामा उत्पादन गर्न र कुन चिज कहाँ बिक्री हुन्छ भन्ने थाहा पाएर त्यस अनुसारको व्यापारवृद्धि गर्न सक्नुपर्नेमा जोड दिएका हुन् ।

पूर्वाधार विकासको क्रम जारी रहेकाले नेपाल अझ तीव्रताका साथ अगाडि बढ्ने बताउँदै प्रधानमन्त्री ओलीले बहुतै असहज राजनीतिक अस्थिरताजस्ता कुराले अर्थतन्त्रलाई प्रतिकूल असर परेका बेला त्यसलाई लयमा फर्काउन नयाँ सरकार बनेकाले सन् २०२६ मा नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नती गर्ने तयारीमा भएको जनाए । पूर्वाधार विकासका क्रममा सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थल बनाउँदै अन्य विमानस्थलहरू विस्तारका साथै नदीको बाटोबाट समुद्रसम्म पहुँच विस्तार गराउने काम भइरहेकाले यी सबै उद्योग-व्यवसायको विकास तथा मुलुकलाई सम्पन्न बनाउनका लागि थालिएको स्पष्ट पारेका थिए ।

'अहिले हामीले व्यापारको जुन आँकडा तयार गरिरहेका छौं, त्यो वास्तविक छैन, खपतका लागि किनेको वा आयात गरेको कार्यलाई मात्रै व्यापार मान्न सकिँदैन,' प्रधानमन्त्री ओलीले भने, 'हामी विज्ञान र प्रविधिको प्रयोग गरेर विभिन्न सामाजिक क्रियाकलाप र उत्पादन बढाउन लाग्नुपर्नेछ । अहिलेको सरकार अर्थतन्त्रको विकासका लागि अत्यन्तै गम्भीरताका लागि लागिरहेको छ ।'




नेपाललाई न्यूनआय भएको मुलुकबाट स्तरोन्नति गराउन सबै जुट्नुपर्ने आग्रह गर्दै प्रधानमन्त्री ओलीले आफू सप्रिउँ र देशलाई पनि सपारौं भन्ने लक्ष्यका साथ चेम्बर एस्क्पो भएकामा खुसी व्यक्त गरेका थिए । कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले कृत्रिम बौद्धिकताबारे नीतिगत स्पष्टता गरी कानुनी प्रबन्ध गर्ने र सूचना प्रविधि क्षेत्रको व्यवसायिक विकासका लागि सरकारले ल्याएका अध्यादेश उपयोगी हुने बताए ।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारले हालै ल्याएका विभिन्न अध्यादेशले उद्योग-व्यवसाय क्षेत्रमा सकारात्मक आशा प्रवाह भएको बताए । नेपाल, भारत, पाकिस्तानलगायत मुलुकका गरी एक सय २५ स्टल रहेको चेम्बरको मेला यही माघ २१ गतेसम्म चल्नेछ ।

कर्पोरेट

### नेपालमा प्रोटोन ईमास ७ आउँदै



**काठमाडौं (प्रस)–** जगदम्बा मोटर्सले गत वर्षको डिसेम्बरमा मलेसियामा भर्खरै सार्वजनिक गरेको बहुप्रतिक्षित प्रोटोन ई.मास ७ विद्युतीय गाडी नेपाली बजारमा ल्याउने तयारी गरेको छ । उच्च हाइप गरिएको ईभी प्राइम र प्रिमियम दुई भेरियन्टमा ल्याउने तयारी गरिएको हो ।

लिथियम आइरन फस्फेट ब्याट्रीले सुसज्जित, गिली अटोमोबाइलको सर्ट ब्लेड ब्याट्री प्रोटोन इमास ७ को मुख्य विशेषताहरू मध्ये एक हो । यो उन्नत ब्याट्री प्रविधिलाई परम्परागत ब्लेड ब्याट्रीको तुलनामा छिटो चार्ज, राम्रो कार्यसम्पादन, परिष्कृत सुरक्षा र लामो आयुका लागि डिजाइन गरिएको हो ।

प्रोटोन इमास ७ प्राइम भेरियन्टमा एजिस सर्ट ब्लेड ब्याट्रीलाई ४९.५२ किलोवाटमा मूल्याङ्कन गरिएको छ, जबकि प्रिमियम भेरियन्टले ६०.२२ किलोवाट प्राप्त गर्ने पनि जनाइएको छ । यसले विद्युतीय मोटर, पावर कन्भर्टर, ब्याट्री व्यवस्थापन प्रणाली, अनबोर्ड चार्जर र नियन्त्रण इकाइहरू जस्ता तत्वहरूलाई संयोजन गर्दै सम्पूर्ण पावरट्रेनलाई एक एकाइमा एकीकृत गर्दछ ।

नेपालमा शंकर ग्रुपको दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारी साधनको आधिकारिक वितरक जगदम्बा मोटर्सले नेपालमा प्रोटोन ई.मास ७ मार्चको तेस्रो साताभित्र सार्वजनिक गर्ने तयारी गरेको छ ।

### विश्वकै पहिलो 'ट्रान्सफर्मर एसयुभी' दिपल ई०७ नेपालमा

**काठमाडौं (प्रस)–** नेपालका लागि 'फ्युचरिस्टिक' तथा 'लक्जरियस' इभी ब्रान्ड दिपलको आधिकारिक विक्रेता एमएडब्लू वृद्धिले विश्वकै पहिलो 'ट्रान्सफर्मर एसयूभी' दिपल ई०७ सार्वजनिक गरेको छ ।

अटोमोबाइल प्रविधिको 'चमत्कार'का रूपमा लिइने दिपल ई०७ लाई एमएडब्लू वृद्धिका अध्यक्ष विष्णु अग्रवाल, चांगन अटो एसिया पेसिफिक भीपी गुआन जिन र एमएडब्लू वृद्धिका प्रबन्ध निर्देशक विवेक सिकारियाले संयुक्त रूपमा सार्वजनिक गरेका हुन् । दिपल ई०७ आफ्नो रूपान्तरणीय क्षमता (ट्रान्सफर्मर क्यापाबिलिटी) मार्फत विल्कुलै नयाँ ड्राइभिङ अनुभव प्रदान गर्दै अटोमोबाइल जगतमा नयाँ अध्यायको सुरुवात गरेको उक्त अवसरमा जानकारी दिइएको थियो । यो एसयुभी एउटा बटन थिच्ने बित्तिकै पिकअप ट्रकमा परिणत हुन्छ । एसयुभी, पिकअप र क्याम्पिङ र आरभी (रिक्रिएसनल भेहिकल) सहित चार फरक प्रयोजनका लागि प्रयोग गर्न सकिने ई०७ले लक्जरियस र इन्टिलेजेन्ट एडभेन्चरमार्फत आफूलाई 'फ्युचरिस्टिक मार्भेल'का रूपमा स्थापित गर्नेछ ।




दिपल ई०७ मा 'रियरह्विल ड्राइभ' र 'अलह्विल ड्राइभ'मा उपलब्ध हुनेछ । 'रियरह्विल ड्राइभ भेरियन्ट'मा १९० किलोवाटको मोटर प्रयोग गरिएको छ जसले २५८ पीएस पावर र ३६५ एनएम टर्क उत्पन्न गर्नेछ । यसमा ८९.९ किलोवाट आवरको ब्याट्री प्रयोग गरिएको छ जसले ५६६ किलोमिटरको सिंगल चार्ज रेन्ज दिनेछ । त्यसैगरी, अलह्विल ड्राइभ भेरियन्टले ४४० किलोवाटको पावर र ६४५ एनएम टर्क उत्पन्न गर्छ। २४० किलोवाट आवरसम्मको फास्ट डीसी चार्जमा जोड्न सकिने यो इभी लामो यात्राका लागि तुरुन्त रिचार्ज गर्न सक्ने क्षमताको छ ।


**वायु प्रदुषणबाट बचौं र बचाऔं**

- वायु प्रदूषणबाट श्वासप्रश्वासमा असर गर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रूख बिरूवा रोवौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलबाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ